# परिच्छेदएक

# परिचय

## १.१ अध्यनको पृष्ठभूमि

तालिम भनेको ज्ञान, सीप प्रवृत्ति र व्यवहारमा परिवर्तन ल्याउने प्रविधि हो । वास्तवमा कुनै पनि व्यक्तिले आफुमा भएको ज्ञान, सीप र अभिवृत्तिलाई परिष्कृत गर्ने वा पुनर्ताजगी गर्ने वा आफुमा भएको अभाव पूर्ति गर्ने वा कमजोरी हटाउने साधन नै तालिम हो । वास्तवमा तालिम भनेको दिगो रूपमा सिक्नु वा जान्नु हो । यसलाई ज्ञान र अनुभवमा स्थायी रूपमा परिवर्तन आउने प्रविधिका रूपमा लिइन्छ । तालिमले कुनै व्यक्तिले गर्न सक्ने र गर्नुपर्ने कामबीचको अन्तरलाई पूरा गर्दछ । तालिम भनेको सिकाइ अनुभव हो, जसले कार्यदक्षतामा अभिवृद्धि गर्छ । तीलमले ज्ञान र सीपमा परिवर्तन ल्याउने हुनाले प्रवृत्तिमा परिवर्तन ल्याई अन्त्यमा व्यवहारमा परिवर्तन ल्याउँछ । त्यसैले तालिमको उपादेयता नै व्यवहारमा परिवर्तन ल्याउनु हो । व्यवहारमा परिवर्तन आउन प्रवृत्तिमा परिवर्तन आउनुपर्दछ । प्रवृत्तिमा परिवर्तन तब आउँछ, जब ज्ञान र सीप बढ्छ वा परिवर्तन हुन्छ ।

तालिमले व्यक्तिको ज्ञानलाई विकास गर्छ । व्यक्तिले ठीक भन्ठानेको गलत धारणाहरू पहिचान गरिदिन्छ र अधुरो रहेको ज्ञान पूर्ण बनाइदिन्छ गलत प्रक्रिया सुधार गर्न प्रेरित गर्दछ । तालिमले सहकर्मी र सुपरीवेक्षकहरूसँगको अन्र्तसम्बन्धलाई परिमार्जीत गर्छ । तालिममा सिकाइको स्थान ज्यादै महत्वपूर्ण हुन्छ । मानिसले औपचारिक तालिम कार्यभन्दा पनि आफ्नो अनुभवबाट बढी सिक्न सक्छ । तालिमबाट पनि सिकाउन सकिन्छ । तर अनुभवबाट सिकेको विषय दिगो हुन्छ र चाँडो सिक्छ ।

यसरी तालिम भनेको एउटा साधन हो, जसबाट कुनै पनि व्यक्तिले आफूमा भएको ज्ञान, सीप र अभिवृत्तिलाई परिष्कृत र पुनर्ताजगी गर्न वा आफूमा भएको अभाव पूर्ति गर्न वा कमजोरी हटाउन आवश्यक ज्ञान, सीप वा धारणा प्राप्त गर्दछ । तालिमको आवश्यकता भनेको कुनै पनि व्यक्तिलाई उसले सम्पादन गर्नुपर्ने कार्यका लागि आवश्यक ज्ञान, सीप र अभिवृत्ति छुट्याउनु

हो । गणितिय रूपमा भन्नुपर्दा कुनै पनि व्यक्तिमा हुनुपर्ने निर्दिष्ट ज्ञान, सीप र अभिवृत्ति तथा उसमा विद्यमान ज्ञान, सीप र अभिवृत्तिबीचको अन्तर नै तालिम हो ।

अर्थात् ताीलम आवश्यकता व्यक्तिमा हुनुपर्ने ज्ञान, सीप र क्षमता यसरी तालिमको आवश्यकता भनेको कुनै पनि व्यक्तिलाई यसले सम्पदान गर्नेपर्ने कार्यका लागि आवश्यक ज्ञान, सीप, अभिवृद्धि छुट्याउनु हो । कुनै पनि पेसाका लागि पेसागत दक्षता एक अपरिहार्य आवश्यकता हो । शिक्षण पनि एक पेसा भएकोले यो कार्य सफलतापूर्वक सम्पन्न गर्नका लागि पेसागत क्षमता आवश्यक हुन्छ । त्यसैले सफल शिक्षक बन्नका लागि तालिम अपरिहार्य ठानिन्छ ।

विगत लामो समय देखी नेपालमा शिक्षकको पेसागत विकास सम्बधी तालिम कार्यक्रमहरू सञ्चालनमा आएका छन् । सामुदायिक विद्यालयमा अध्यापन गर्ने झण्डै ९८% शिक्षकहरू तालिम प्राप्त छन् तर अपेक्षित रूपमा किन यि विद्यालयको शैक्षिक उपलब्धी हाँसिल गरी रहेका छैनन् भन्ने विषय एउटा समस्याको रूपमा देखिएको छ । प्रस्तुत अध्ययनमा नेपाल सरकारले शिक्षा क्षेत्रमा अग्रगामी सुधार गर्नको लागी आ.व. २०६६/०६७ साल देखी कार्यान्वयनमा ल्याएको विद्यालय क्षेत्र सुधार योजनाको एउटा मुख्य कम्पोनेन्ट “शिक्षकको पेसागत विकास (टि.पी.डी.) तालिम कार्यक्रमको मूल्याङ्कन गरिएको छ । मूल्याङ्कनको लागि विभिन्न मूल्याङ्कन ढाँचाहरू मध्ये प्रसिद्व मूल्याङ्कन-विद् Staffiebeamको CIPP मूल्याङ्कन ढाँचामा गरिएको छ । जसवाट TPD तालिम कार्यक्रमको परिवेश, लगानीहरू, कार्यक्रम सञ्चालन प्रक्रिया र कार्यक्रमको समाप्ती पछि प्राप्त भएको उत्पादनलाई गरिएको छ ।

विगतमा संचालित तालिम कार्यक्रमहरू शिक्षकको वास्तविक आवश्यकतामा सञ्चालन भएका थिएनन् र तालिमको मोड्युल पनि राष्ट्रिय स्तरमै निर्माण गरि सञ्चालन गरिएको थियो । तर यस तालिम कार्यक्रमको मोड्युल विकास शिक्षकले अध्यापन गराउदा आई परेका समस्याहरूको आधारमा तयार गरिएको हुन्छ र प्रशिक्षकले शिक्षकलाई ताीलम सञ्चालनको क्रममा अपेक्षित पेसागत सहयोग उपलब्ध गराएको हुन्छ । यसैले यो तालिम कार्यक्रम शिक्षकको आवश्यकतामा आधारित हुन्छ ।

विषयतगत रूपमा परिपक्व र पेशागत रूपमा दक्ष शिक्षकले नै प्रभावकारी शिक्षणको माध्यमवाट विद्यार्थीको सर्वाङ्गीण विकासमा एउटा कारक तत्वको भूमिका निर्वाह गर्न सक्दछ । राष्ट्रको विकासको आधार शिक्षा भनिएको दक्ष शिक्षकले शिक्षाको विकासको गतिलाई तिव्रतर बनाउदै लैजानुका साथै यसलाई अर्थपूर्ण बनाउन प्रमुख भूमिका खेल्ने भएकोले शिक्षक तालिम कार्यक्रमको औचित्य र आवश्यकतालाई सबै सहज रूपमा स्वीकार्न पुगेको पाइन्छ । शिक्षाको क्षेत्रमा खास गरेर शिक्षण पेशामा संलग्न हुन चाहने तथा यस पेशामा प्रवेश गरिसकेका व्यक्तिहरूका लागि शिक्षक तालिम तथा शिक्षक प्रशिक्षणकार्यक्रम एउटा अनिवार्य आवश्यकता हुन आँउछ ।

केही व्यक्तिमा शिक्षकमा हुनपर्ने गुण जन्मजात हुन्छन् भने धेरैजसोलाई तालिम र प्रशिक्षणदिई योग्य र दक्ष बनाउनुपर्दछ । सफल शिक्षक हुनकालागि विषयवस्तुको ज्ञान र अनुभवमात्र भएर पुग्दैन । त्यसकालागि नयाँ-नयाँ ज्ञान र प्रविधिको अध्ययन गरी आवश्यक सीपहरू आर्जन गर्न आवश्यक हुन्छ । त्यसैले प्रत्येक शिक्षकमा शिक्षण दक्षता प्राप्त गर्न शिक्षक तालिम र प्रशिक्षण अनिवार्य हुन्छ । यिनै कुरालाई मध्यनजर राखी राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले शिक्षक प्रशिक्षणलाई अनिवार्य गर्नुपर्ने कुरामा जोड दिइको पाइन्छ ।

आधुनिक युगमा शिक्षण कार्यलाई सामान्य श्रोता र वक्ताबिचको अन्तरक्रियामात्र नमानी शिक्षणलाई तालिमका रूपमा लिने गरेको पाइन्छ । अर्थात् यसले के भन्न खोजेको हो भने शिक्षणका लागि तालिम आवश्यकता पर्दछ । शिक्षकले शिक्षण गर्नकालागि प्रचलित दर्शन र शिक्षा पद्वति बालमनोविज्ञान, सामाजिक संरचना र अवस्था, शिक्षणका सिद्वान्तहरू आदिबारे ज्ञान र सीप हासिल गरेको हुनुपर्दछ । त्यस्तै एउटा कक्षाकोठामा विभिन्न जात, धर्म, पेशासँग सम्बद्व परिवारका बालबालिकाहरूको सहभागिता हुन्छ । उनीहरू विभिन्न मानसिक, बौद्विक एवं संवेगात्मक पृष्ठभुमि र स्थितिका हुन्छन् । यस्तो स्थितिमा सबैलाई समान रूपमा व्यवहार गरी प्रभावकारी शिक्षण गर्ने क्षमता र कुशलता शिक्षकमा आवश्यक पर्दछ । यस्तो चुनौतीपूर्ण काम गर्नका लागि शिक्षक हुन तालिम आवश्यक पर्दछ । यसरी शिक्षण भनेको एउटा पेशा हो र पेशा सञ्चालन गर्न वा पेश गर्न उक्त पेशासँग सम्बद्व ज्ञान सीप आवश्यक पर्दछ । यसै सन्दर्भमा

सफल शिक्षक हुनका लागि तालिम अनिवार्य मानिएको हो । (निम्न माध्यमिक तथा माध्यमिक शिक्षक (बढुवा) दिग्दर्शन)

शिक्षकहरू शैक्षिक गुणस्तर विकास अभियानको केन्द्रिय भुमिकामा रहेका हुन्छन् । यसरी शिक्षाको गुणस्तर विकासमा सक्रिय भूमिका भएका शिक्षकहरूको पेशागत योग्यता एवं कार्यदक्षता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार शैक्षिक जनशक्ति विकास केन्द्रवाट विगत चार दशक जतिको योजनावद्ध प्रयासको फलस्वरूप सबै शिक्षकहरूलाई सेवाकालिन (१० महिने) शिक्षक तालिम प्रदान गरि सकिएको छ । देश भरका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा अध्ययनरत लगभग ७० लाख विद्यालयहरूले प्रज्ञीक एवम् पेशागत रूपमा योग्यता प्राप्त १ लाख ७० हजार भन्दा बढी संख्या रहेका शिक्षकहरूवाट शिक्षण सुविधा हासिल गरिरहेका छन् ।

शिक्षकहरूमारहेको योग्यता एवं क्षमताहरूलाई समय सापेक्ष रूपमा नविकरण, सबलीकरण एवम् अद्याबधिक गदै कक्षँकोठाको शिक्षणमा तत्विक परिवर्तन ल्याई विद्यार्थीको उपलब्धी स्तरमा स्पष्ट सुधार ल्याउनु सक्षम शिक्षा प्रणालीको अनिवार्य सर्त हो । यस तथ्यलाई दृष्टिगत गरी शिक्षकहरू आफैले आफ्नो आत्ममूल्याङ्कन गर्नेकक्षाकोठा तथा शिक्षण जीवनमा आवश्यक ज्ञानसिपमा पहुच हासिल गर्ने, नियमित स्वाध्ययन र पठन संस्कृति विकास गरी अर्थपुर्ण अभ्यासमा सरिक हुने जस्ता विधीहरू मार्फत् निरन्तर पेशागत विकास गर्ने प्रचलन विश्वव्यापी रूपमा रहि आएको छ । यहि कुरालाई ध्यानमा राखी शिक्षा क्षेत्रमा अग्रगामी सुधार गर्ने उद्देश्यले चालु आर्थिक वर्षदेखी कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र सुधार कार्यक्रम (School Sector Reform Program - SSRP)ले शिक्षकको पेसागत विकास (Teacher's Professional Development - TPD) का लागी नितिगत एवम् योजनागत व्यवस्था निर्दिष्ट गरेको छ ।यस कायक्रमको शिक्षक विकास सम्बन्धी प्रावधान अनुसार समपूर्ण सामुदायिक विद्यालयमा कायरत सबै प्रकारका शिक्षकहरूले सेवाकालिन रूपमा सञ्चालन हुने एक महिना सम्मको पेशागत विकास गतिविधिमा पँहुच हासिल गर्न पाउने र त्यसको उपलब्धीलाई शिक्षकको वृति विकास सँग आवद्ध गर्ने व्यवस्था छ ।(शिक्षककोपेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०६६।)

## १.२ समस्याको कथन

नेपालमा शिक्षक विकासको अभियान धेरै लामो नभए पनि विगत ३८ वर्ष देखी योजनाबद्ध समय सापेक्ष र निरन्तर रूपमा अगाडी बढ्दै आएको पाइन्छ । यस दौरान शिक्षाको दिर्घकालिन पेशागत योग्यतामुखी (Professional Qualification)कार्यक्रम देखी कक्षा कोठाको शिक्षण कार्य सम्पादनमा देखिएका तत्कालिन आवश्यकतामा आधारित समस्या समाधानमुखी कार्यसम्पादनमा सुधार (Performance Improvemt)तालिम सम्मको शिक्षक विकास मोडेल अभ्यास गरिएको छ । (शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०६६) ।

आ.व. २०६६/०६७ सालवाट प्रारम्भ गरिएको शिक्षकको पेशागत विकास कार्यक्रम भने शिक्षकहरूले आफ्नो शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्दा आइपरेका विषयगत समस्या लगायत विभिन्न प्रकारका समस्याहरू जस्तै कक्षा व्यवस्थापन, शैक्षिक सामग्री निर्माण तथा प्रयोग, नविनतम शिक्षण विधीहरू पेशागत विकास आदी सँग सम्बन्धीत समस्याहरू शिक्षक आफैले पहिचान गरी सोअनुरूप आवश्यक पेशागत सहयोग माग गरी सम्बन्धीत स्रोत केन्द्र, अगुवा स्रोत केन्द्र वा शैक्षिक तालिम केन्द्रमा पठाए पछि शिक्षकहरूकै मागमा आधारित पेशागत विकास कार्यक्रम सञ्चालन गरिन्छ । यस प्रकारको शिक्षक विकास कार्यक्रम नेपालको परिप्रेक्षमा नयाँ किसिमको हो । कार्यक्रम अनुसार वि.सं.२०७२ साल भित्र सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षकहरूलाई ३० कार्य दिन बराबरको पेशागत विकास कार्यक्रम संचालन गरीएको छतर के यो कार्यक्रम उद्देश्य अनुरूप सचालन भई रहेको छ । कार्यक्रमको परिवेश कस्तो छ ? कार्यक्रमको लगानी कस्तो छ ? कार्यक्रम कार्यान्वयनको प्रक्रिया कस्तो छ ? र कार्यक्रमको समाप्ति पछि शिक्षकहरूको पेशागत विकास भएको छ कि छैन ? अर्थात् कार्यक्रम उद्देश्य अनुरूप भयो या भएको छैन ? कार्यक्रम सञ्चालन भएको ४ वर्ष विति सक्दा पनि किन अपेक्षित रूपमा सामुदायिक विद्यालयको शैक्षिक उपलब्धी स्तर वृद्दि हुन सकेको छैन ? यस कार्यक्रमका समस्याहरू के के छन् । भन्ने कुराहरूलाई अध्यनयको समस्याको रूपमा लिएर यस अध्ययनलाई अगाडी बढाइएको छ ।

## १.३ अध्यथनको औचित्य

शिक्षकहरू नै शिक्षण सिकाई क्रियाकलापका केन्द्रिय पात्रहरू हुन् । शिक्षण कार्यलाई जति धेरै प्रभावकारी रूपमा सञ्चालन गर्न सकियो त्यति नै धेरै मात्रामा गुणस्तरिय शिक्षा प्रदान गर्न सकिन्छ र शैक्षिक उपलब्धि स्कोर पनि बृद्धि हुन्छ । यसको लागी शिक्षकहरूमा भएको ज्ञान र सीपलाई समयसापेक्ष रूपमा नविकरण एंव सवलीकरण गर्नु अत्यन्त आवश्यक हुन्छ । अर्थात् शिक्षकहरूलाई आवश्यक पेशागत सहयोग प्रदान गर्नु पर्दछ । यिनैकुराहरूलाई मध्यनजर गरेर नेपाल सरकार शिक्षा मन्त्रालय अन्तरगत शैक्षिक जनशक्ति विकास केन्द्र (NCED)द्वारा २०६६ साल देखी शिक्षकको पेशागत विकास कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।यस कार्यक्रमको बारेमा त्यति धरै अध्ययन भएका छैनन् । यसैले प्रसिद्ध मुल्याकन विद्Stufflebeamको CIPP Modelमा आधारित भएर कार्यक्रमको मूल्याङ्कन गर्नु उचित मानी यो अध्ययन प्रारम्भ गरिएको छ ।

यस अध्ययनवाट कार्यक्रमका सम्बन्धमा विस्तृत अध्ययन गरीएको छर भविष्यका शोधकर्ताहरूलाई समेत केही हदसम्म भए पनि सहयोग मिल्ने छ र शोधकर्ताको पेशागत विकासमा पनि सहयोग हुनेछ ।

यस अध्ययनको औचित्यलाई बुदागत रूपमा यसरी दर्शाइएको छ ।

क. शिक्षकको पेशागत विकास तालिम कार्यक्रमवाट सिकेका ज्ञान सीपहरूलाई कक्षा कोठामा प्रयोग गर्न शिक्षकहरूलाई अभिप्रेरित गर्नु ।

ख. शिक्षकको पेशागत विकास तालिम कार्यक्रम सञ्चालन गर्दा आइपरेका समस्याहरू पहिचान गरि समस्या समाधानका उपायहरू पत्ता लगाउन ।

ग. शिक्षकको पेसागत विकास कार्यक्रमको संचालन पछि निरन्तर रूपमा अनुगमन, सुपरिवेक्षण तथा परामर्श उपलब्ध गराउन तालिम प्रशिक्षक/ तथा प्र.अ. हरूलाई सहयोग गर्न ।

घ. आगामी दिनहरूमा यस कार्यक्रमको बारेमा गरिने अनुसन्धान कार्यमा सघाउ पुऱ्याउन ।

### १.४ अध्ययनका उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू निम्न अनुसार रहेका छन् ।

१. शिक्षकको पेशागत विकास तालिम  कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण गर्नु ।

२. शिक्षकको पेशागत विकास तालिम कार्यक्रममा देखिएका समस्याहरू पहिचान गरीउपयुक्तउपायहरू सुझाव दिनु ।

### १.५ अनुसन्धनात्मक प्रश्नहरू

माथी उल्लेखित उद्देश्यहरू पुरा गर्नकालागी निम्न अनुसारका अनुसन्धनात्मक प्रश्नहरू समावेश गरीएको छ।

१. शिक्षकको पेशागत विकास तालिम कार्यक्रमको वर्तमान अवस्था कस्तो छ ?

२. शिक्षाको पेशागत विकास तालिम कार्यक्रमको प्रभावकारिता कस्तो छ ?

३. विगतमा सञ्चालित पेशागत विकास कार्यक्रमहरू र हाल संचालित कार्यक्रम विच के फरक छ ?

४. शिक्षकको पेशागत विकास तालिम  कार्यक्रम सञ्चालनको परिवेश कस्तो छ ?

५. टिपिडी तालिम कार्यक्रम सञ्चालनको प्रक्रिया कस्तो छ ?

६. यस तालिम कार्यक्रम कार्यन्वयनका लागी के के लगानी गरीएको छ ?

७. यस तालिम कार्यक्रमवाट अपेक्षित उपलब्धी अर्थात् उत्पादन कस्तो भएको छ?

८. यो कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरू के के हुन् ?

९. यस कार्यक्रमको सफल कार्यन्वयनको लागी सुधार गर्नु पर्ने पक्षहरू के के हुन् ?

## १.६ अध्ययनको परिसिमाहरू

हरेक अध्ययनका आ-आफ्नै किसिमका सिमाहरू हुन्छन् । समय एवं साधनको अभाव, आर्थिक कठिनाई जस्ता विभिन्न कठिनाईहरूका कारणले गर्दा यस अध्ययनको पनि केहि परिसिमाहरू रहेका छन् । यस अध्ययन शिक्षकको पेशागत विकास टिपिडी तालिम कार्यक्रमको मूल्याङ्कनगर्नको लागि समय एवं स्रोत साधनको अभावले गर्दा टिपिडी तालिम कार्यक्रमको परिवेश लगानीहरू, कार्यक्रम कार्यन्वयन प्रक्रिया र कार्यक्रमवाट उत्पादित उत्पादनलाई मात्र अध्ययन गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

गुणस्तरीय शिक्षाको मूल आधार नै शिक्षकहरू हुन् । शिक्षाको गुणस्तर अभिवृद्धि गर्न शिक्षकहरूमा पेशागत दक्षता हुनु आवश्यक छ। शिक्षकहरूमा पेसागत दक्षता बढाउनको लागी शिक्षकहरूको पेशागत विकाश गर्ने खालका शैक्षिक सुधारका कार्यक्रमहरू सञ्चालन हुनु पर्दछ । नेपालमा पनि विगत लामो समय देखी शिक्षकहरूको पेशागत विकास गर्ने उद्देश्यले विभिन्न प्रयासहरू हुदै आएका छन् । शिक्षा क्षेत्रको विकास र व्यवस्थापन अभियानलाई नतिजामूलक तुल्याउन सर्वपक्षिय दीर्घकालिन सुधारको अवधारणा, निति र कार्यक्रम स्वरूप विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP)आर्थिक वर्ष २०६६/०६७ देखी सुरू भई हाल कार्यान्वयनमा रहेको छ। यस योजना अन्तर्गत शिक्षकको पेशागत विकास (TPD)कार्यक्रम सञ्चालनमा रहेको छ। यस परिच्छेदमा शिक्षकको पेशागत विकास सँग सम्बन्धीत साहित्यहरूको अध्ययन गरी प्रस्तुत गरिएको छ । यसका लागी समय समयमा प्रकाशित पुस्तकहरू, पत्रपत्रिकाहरू, खोज तथा अनुसन्धानका प्रतिवेदनहरू, शोधप्रतिवेदनहरूको अध्यनगरी सारसंक्षेपमा प्रस्तुत गरिएको छ।

## २.१ सम्बन्धीत साहित्यको पुनरावलोकन

शिक्षक नै गुणस्तरीय शिक्षामा प्रत्यक्ष रूपले प्रभाव पार्ने प्रमुख जनशक्ती हो । पाठ्क्रमको प्रभावकारी कार्यान्वयन गरी पाठ्यक्रमले तोकेका सिकाई उपलब्धीहरू विद्यार्थीहरूमा हासिल गराउनु शिक्षकको पेशागत कर्तव्य हुन आउँछ। विद्यार्थी केन्द्रित शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने, शिक्षण उपागम (Approach)विधि (Method) र तरिका (Technique)हरूको प्रयोग गर्ने विद्यार्थीहरूको सिकाई अनुमानलाई महत्व दिई अन्तक्रिया, छलफल तथा अनुभव आदानप्रदानका माध्यमवाट ज्ञान निर्माणको अवसर दिने कार्य बालमनोविज्ञान र बालमैत्री शिक्षण प्रक्रिया हो । अभ्यासवाट विभिन्न सीप (जीवननोपयोगी तथा कार्यात्मक) हरूको विकास गर्ने अवसर प्रदान गर्ने, बालमैत्री सिकाई बातावरणको सिर्जना गर्नेआदी कार्य शिक्षकको दायित्वभित्र पर्दछन् । शिक्षक यी कुराहरूमा सक्षम हुनु अपरिहार्य छ , शिक्षक पेशागत विकास सम्बन्धी कार्यक्रम अन्तर्गत प्रत्येक शिक्षकले पाँचवर्ष भित्र पटकपटक

गरी जम्मा ३० दिने टिपीडी मोड्युलमा पहुँच पाउने गरी कार्यक्रम डिजाइन गरीएको छ ।शिक्षकको पेसागत विकास (टिपिडी) मोड्युल सञ्चालन प्रयोजनार्थप्रशिक्षक प्रशिक्षण निर्देशिका २०६९ ।

**नीतिगत आधार**

१. सम्पूर्ण शिक्षकहरूलाई सेवाकालिन रूपमा आगामी ५ वर्षभित्रमा ३० दिन बराबरको शिक्षकको पेसागत क्षमता विकास तालिममा पहुँच सुनिश्चित गर्ने ।

२. शिक्षकहरूको वृत्तिविकासका लागि प्रत्येक तहमा Beginner, Experienced, Masterand Expert गरी जम्मा चारओटा क्षेणी रहने र र प्रत्येक माथिल्लो श्रेणीमा बढुवा हुनका लागि उल्लिखित अबधिको पेसागत तालिम (टिपिडी मोड्युल), योग्यता कार्यसम्पादन र जेष्ठतालाई आधार बनाइने ।

३. SSRPअन्तर्गत कायम भएको कार्यरत शिक्षकहरूको योग्यता चालु रहेको १० महिने तालिमप्राप्त जनशक्तिलाई कक्षा १२ को विशेष पाठ्यक्रम अध्यापन गराउने कार्यक्रम कार्यान्वयन जारी रहने । साथै माध्यमिक तहका हकमा विश्वविद्यालयहरूसाग विशेष सहकार्यगरी एमएड कायक्रम सञ्चालन गरिने ।

४. विशेष, शिक्षा, बहुभाषिक शिक्षा, बहुकक्षा शिक्षणका लागि शिक्षा विभागवाट छनोट गरिएका (Designated) शिक्षकहरूको विशेष क्षमता विकास गराउनका लागि सघन तालिम कार्यक्रम सञ्चालन गरिने ।

५. तालिम प्रणाली एवम् शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत क्रियाशिल सङ्गठनहरूको संस्थागत पुनःसंरचना एवम् सुदृढीकरण गर्ने उद्देश्यले आवश्यक अध्ययन गरिने ।

६. सम्पूर्ण प्रअहरूको नेतृत्व क्षमता विकाससम्बधी सेवाकालिन तालिम सञ्चालन गर्न प्रत्येक वर्ष २०% को पहुँच सुनिश्चित गर्ने गरी कार्यक्रम तय गरिने ।

उपर्युक्त प्रावधानको कार्यान्वयन स्वरूप शैक्षिक जनशक्ति विकास केन्द्रबाट सामुदायिक विद्यालयहरूमा कार्यरत सम्पूर्ण शिक्षकहरूलाई एक पटकमा १० दिन अवधिको शिक्षक पेसागत विकास मोड्युल सञ्चालन गरी आगामी ५ वर्ष (आ.व. २०७०/०७१) भित्र १ महिना बराबरको शिक्षक पेसागत विकास कार्यक्रममा पहुँच सुनिश्चित गर्न योजना एवम् कार्यक्रम तर्जुमा भइसकेको छ। देशभर मौजुदा १ हजार ५३ ओटा स्रोत केन्द्रहरूवाट आधारभूत तहका लागि र ४६ ओटा अगुवा स्रोत केन्द्र एवम् २९ ओटा शैक्षिक तालिम केन्द्रहरूवाट माध्यमिक तहको समेत टिपिडी कार्यक्रम सञ्चालन हुने गरी व्यवस्था मिलाइएको छ । यी प्रत्येक तालिम प्रदायक एकाइलाई टिपिडी हबको नामबाट परिभाषित गरिएको छ।

## सैद्वान्तिक आधार

शिक्षक विकास प्रयोजनका लागि विगतका बहुआयामिक प्रयासको परिणामस्वरूप हालसालै मात्र शिक्षण सेवामा कार्यरत सबै शिक्षकहरूलाई प्राज्ञिक र पेसागत दुबै योग्यता प्राप्त तुल्याइसकिएको र त्यस्तै योग्य एवम् शिक्षण अनुमती पत्र प्राप्त व्यक्ति मात्र शिक्षण पेसामा प्रवेश पाउन सक्ने व्यवस्था सुनिश्चित गर्न सकिएको छ र यस घडिमा अब उप्रान्त यस्ता शिक्षकहरूाई निरन्तर रूपमा पेशागत दक्षता नवीकरण गर्न, नियमित ढङ्गले शिक्षक कार्य सम्पादन क्षमता सुधार गर्न तथा दैनिक अनुभवबाट सिकेका ज्ञानका आधारमा हमेसा समग्र पेसागत उत्कृष्टतातर्फ डोऱ्याउने "रोडम्याप" स्वरूप शिक्षक पेसागत विकास (Teacher Professional Development)डिजाइन विकास गरिएको छ।

शिक्षक-सिकाई प्रक्रियाका विश्वव्यापी चरणहरू जस्तै (क) आफु विद्यार्थी छँदा शिक्षकद्वारा गरिएको शिक्षण अनुभवको गहन अवलोकन (ख) पूर्व सेवाकालिन शिक्षक तयारी कोर्श (ग) सेवा प्रवेश अभिमुखिकरण र (घ) पेसागत विकास मध्ये हाल आएर नेपाली शिक्षकहरूले अघिल्ला तीनओटा चरणहरू पुरा गरिसकेको र अब चौथो चरण मात्र पूरा गर्न बाँकी रहेको हुँदा अब उप्रान्त त्यसैमा केन्द्रित हुने शिक्षक विकास मोडेल तय गरिएको छ। यसका लागि विद्यालयमा आधारित शिक्षक पेसागत विकास गतिविधि सञ्चालन गरी व्यावहारिक समस्या र पेसागत मूल्य मान्यतासँग आम शिक्षकहरूको सोझो सम्बन्ध स्थापित गर्न मद्दत पुऱ्याउने मोडेललाई

उत्तम मानिन्छ । यसका लागि सबै विद्यालयहरू क्षमतागत रूपमा तयार भइनसकेको अवस्थामा गरिएका अभ्यासहरू पाइन्छन् । तसर्थ नेपालको सन्दर्भमा निश्चित विद्यालय समूहलाई पेसागत सहायता प्रदान गर्ने मूल उद्देश्यका साथ विद्यालय-क्लस्टरका रूपमा स्रोतकेन्द्रहरू/अगुवा स्रोतकेन्द्र, शैक्षिक तालिम केन्द्र स्थापना गरी क्रियाशील गराईएको छ । साथै विद्यालय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत विद्यलायमा आधारित व्यवस्थापन (School-based Management) को अवधारणा सघन रूपमा कार्यान्वयन गर्ने नीति रहेको छ । अवस्थालाई दुष्टिगत गरी विद्यालय तह र क्लस्टर तह दुबैवाट पेसागत सहायता प्राप्त गर्न सकिने समन्वयात्मक (Coordinated Approach) ढाँचाका रूपमाField-based Teacher's Professional Development गतिविधि सञ्चालन गर्ने गरी प्रस्तुत डिजाइन तयार गरिएको छ ।

यस्तो फिल्डमा आधारित डिजाइन मूलतः Adult Learningसिद्वान्तवाट निर्देशित हुने भएकाले यसले देहायअनुसारका सैद्वान्तिक मान्यताहरू अवलम्बन गरेको छ ।

क. शिक्षकहरूलाई स्वायत्त रूपमा आफ्नो व्यवसायको लागि आफैले मानक (Norms) स्थापना गरी तिनैबाट आफु निर्देशित हुने स्वतन्त्र अनुभवन प्राप्त हुनेछ ।

ख. असल शिक्षकहरूले मौजुदा अनुभवलाई गहन परीक्षण गर्ने बानी र आफ्नो साविकको कार्य सम्पादन सुधारका लागि हमेसा प्रयासरत रहने जस्ता (Reflective) व्यवहार अनिवार्य रूपमा अबलम्बन गरेको हुनेछ ।

ग. सबै शिक्षकहरू आफूलाई आवश्यक पर्ने ज्ञान स्वयम्बाट रचना गर्ने अभियान (Constructivism) अबलम्बन गर्छन र आफ्ना विद्यार्थीहरूलाई त्यस्तै अभ्यास र अनुभवका लागि तयार गर्न तत्पर रहन्छन् ।

वर्तमान परिप्रेक्ष्यमा शिक्षकहरूको विषयवस्तुको ज्ञान मात्र बढाउनुभन्दा सकारात्मक प्रवृत्ति (Attitude)विकास गराई उनीहरूलाई निरन्तर स्वाध्ययन प्रति थप जागरूक, विद्यार्थीको सिकाइ उपब्धिका लागि जवाफदेही र समग्र विद्यालयको समुन्नतिका लागि योग्य तुल्याउन सबैको प्राथमिकता हो । यसको प्रत्याभूतिका लागि प्रस्तुत मोडेलको पेसागत विकास अभियान उपयोगी

हुन सक्ने दृष्टान्त विद्वान Guskey को भनाई "Practice changes attitude rather than vice-versa"बाट पनि पुष्टि हुन्छ ।

**अनुसन्धानमुलक दृष्टिकोण**

विगत ३८ वर्ष सम्म शिक्षकमा शिक्षण कार्य सम्पादन सुधार गर्न प्रत्यक्ष मद्दत पुऱ्याउने सेवाकालिन पेशागत विकास भन्दा पनि शिक्षकको पेशागत योग्यता पुरा गर्ने उद्देश्यले दीर्घकालिन योग्यता मुखी तालिम (१० महिने) कार्यान्वयन गर्नुमा मात्र सम्पूर्ण स्रोत एवम् प्रयास केन्द्रित रह्यो । यसै मेसोमा शिक्षक तालिम प्रभावकारीता अध्ययन (DOE) 2006, शिक्षक तालिम सम्बन्धी प्रभावकारीता अध्ययन (CERITD) 2005 लगायतका अनुसन्धानहरूवाट सरकारद्वारा तालिम पेशागत योग्यता प्राप्त शिक्षक संख्या बढोतरी द्रुत गतिमा बृद्धि गराउन सफल भए पनि तालिम प्राप्त शिक्षकहरू बाट तालिममा सिकेका सिपसमग्र दक्षता ५०% को दरले मात्र कक्षा कोठामा प्रयोग भएको निष्कर्ष निकाले । यी अध्ययनहरूका साथै सेरिडद्वारा सालवसाली रूपमा सञ्चालन गरिएका फर्मेटिम अनुसन्धानहरू समेतले शिक्षकहरूमा निहित ज्ञान एवम् सम्पूर्ण क्षमताको उपयोगवाट विद्यार्थी उपलब्धि स्तर बढाउन थप Follow-up supportर निरन्तर शिक्षक पेशागत विकास गतिविधि सञ्चालन गर्नु पर्ने आवश्यकता औल्याएका छन् । समग्रमा भावी दिनमा सन्चालन गर्ने यस्ता पेशागत गतिविधिहरू निरन्तर, समस्या समाधानमुखी, विविधतायुक्त स्थानीय एवम् शिक्षकको पेशागत आवश्यकतामा आधारित हुनुपर्ने विषयमा यि अनुसन्धानहरूले जोड दिएका छन् । यसै गरी विश्वव्यापी अभ्यास अनुसार पनि oF the job भन्दाOn-the-job / School -basedएवम् cluster - Based शिक्षक विकास मोडेल उत्तम मानिएको छ । (शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०६६) ।

**टिपिडी तालिम कार्यक्रमको औचित्य**

प्रस्तुत टिपिडी डिजाइनबाट सरकार, शिक्षक, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन आदि जस्ता फरक-फरक रूची समूहका सरोकारवालाहरूका विविधतायुक्त आवश्यकतालाई सन्तुष्ट तुल्याउन उपयोगी हुने हुँदा यसका त्यस्ता बहुआयामिक औचित्यलाई देहायअनुसार उल्लेख गर्न सकिन्छ :

क. शिक्षकको व्यवसायिक जवाफदेहितामा बढोत्तरी

ख. सिकारूको सर्वोच्चता सुनिश्चितीकरण

ग. विद्यालय र अगुवा/स्रोतकेन्द्र/शैताकेबीच स्वचालित सम्बन्ध स्थापना

घ. लक्षित समूह केन्द्रित कुशलतापुर्वक लगान व्यवस्था

**टिपिडी कार्यक्रम विकास प्रक्रिया**

विद्यालय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत स्वीकृत शिक्षक विकास सम्बन्धी नीति एवम् कार्यनीतिलाई आधार बनाई त्यसलाई कार्यरूप प्रदान गर्न व्यावहारिक एवम् प्राविधिक कार्यविधिका रूपमा कार्यक्रम कार्यान्वयन पुस्तिका तयार गरिएको छ । उक्त नीतिको कार्यान्वयन गर्न शैक्षिक जनशक्ति विकास केन्द्र द्वारा थप कार्यक्रम डिजाइन तयार गर्ने, योजना तर्जुमागर्ने, साङ्गठनिक संयन्त्र सञ्चालन गर्ने लगायतको व्यवस्था गर्ने समेत कार्यनीतिमा उल्लेख छ ।

प्रस्तुत टिपिडी कार्यक्रम विकास गर्दा हालसम्म नेपालभित्र र विभिन्न अनय मुलुकहरूमा अभ्यासमा रहेका शिक्षक विकास सम्बन्धी अनुभव र अनुसन्धान प्रतिवेदन सघन अध्ययन गर्नुकासाथै विविध प्राविधिक अभ्यासहरू सञ्चालन गरियो ।

कार्यक्रमको अवधारणा खाका राष्ट्रिय / अन्तराष्ट्रिय परामर्शदाताहरूसँगको सहकार्यवाट तयार गरी राष्ट्रिय स्तरमा दुईओटा कार्यशालाहरूवाट प्राप्त पृष्ठपोषण र मार्गदर्शका आधारमा त्यसको विस्तृतीकरण तयार गरीयो । कार्यशालामा उपस्थित विश्वविद्यालयका प्राध्यापक, नीति निर्माण तहका पदाधिकारीहरू, शिक्षक युनियन तथा सङ्घसङ्गठनका प्रतिनिधिहरू,

स्रोतव्यक्ति/विद्यालय निरीक्षक एवम् प्रधानाध्यापक लगायतका पदाधिकारीहरूवाट प्राप्त सुझावहरू मुलतः यस दस्तावेजको कार्यक्रम खाकाका आधारमा आधारभूत तह र माध्यमिक तहका १५० जना शिक्षकहरूका लागि सात ओटा जिल्ला (झापा, भक्तपुर, मकवानपुर, कैलाली, रूपन्देही, सुर्खेत र डडेलधुरा) का शैक्षिक तालिम केन्द्र अगुवा स्रोतकेन्द्र र स्रोतकेन्द्रहरूमार्फत परीक्षण कार्य सम्पन्न गरी प्राप्त अनुभव तथा सुझावहरूको उपयोग गरी साविकको मस्यौदालाई परिमार्जन गरियो । साथै परिमार्जित कार्यान्वयन पुस्तिका पुनः शिक्षक युनियन/सङ्घ/सङ्गठन, स्रोतव्यक्ति सबै जिल्ला शिक्षा अधिकारी, सबै शैताके प्रमुखहरूसँग सघन परामर्श गरी थप पृष्ठपोषण र हौसला आर्जन गरियो । यसरी विकास गरिएको कार्यक्रम आ.व. २०६६/०६७ देखि देशभर कार्यान्वयनका लागि तयार गरीएको छ ।

## अपेक्षित नतिजा र उद्देश्य

### नतिजा

यस पुस्तिकामा प्रस्तुत निरन्तर पेसागत विकास कार्यक्रममा शिक्षकहरूको सहभागितावाट शिक्षणकार्य सम्पादनमा सकारात्मक परिवर्तन अवलोकन गर्न सकिने र विद्यार्थीले हासिल गरेको उपलब्धीमा बढोत्तरी देख्न सकिने छ ।

### उद्देश्य :

क) शिक्षकले सामाना गर्नु परेका तत्कालिन शिक्षण सिकाईसम्बन्धी समस्या समाधान गर्नु ।

ख) शिक्षणकार्यमा उत्कृष्टता निश्चित गर्न शिक्षकको निरन्तर पेसागत दक्षता अभिवृद्धी गर्नु ।

## शिक्षकको पेसागत विकास मोड्युलको संरचना

शिक्षक एवम् विद्यालयवाट प्रस्तुत गरिएका पठनपाठनसम्बन्धी विविध समस्या एवम् थप पेसागत सहयोगको आवश्यकतालाई सम्पूर्ण रूपमा परिपूर्ति गर्न देहायका अन्तर सम्बन्धित र एकिकृत तीनओटा भागहरूको संयोजनवाट विविधतायुक्त १० कार्य दिने मोड्युल विकास गरिनेछ । यस्ता समस्या र पेसागत आवश्यतालाई तिनको प्रकृतिअनुसार तीनऔटै भागहरूबाट सम्बोधन गर्ने गरी मोड्युल सामग्री निर्माण एवम् सञ्चालन गर्नुपर्ने छ । यी तीन भागहरू एकअर्काका परिपूक भएकाले ती सबैको सञ्चालनबाट मात्र एउटा मोड्युलले पूर्णता पाउने छ । साथै प्रत्येक शिक्षकले यस्ता तीनओटा १० कार्य दिने स्वतन्त्र मोड्युल पुरा गरेपछि मात्र एक महिना बराबरको शिक्षक पेसागत विकास प्रमाणपत्र प्राप्त गर्न सक्नेछ । यस मोड्युल विकास एवम् सञ्चालनका लागि विद्यालयको नयाँ संरचनाअनुसार शिक्षकहरूको तहगत मिलान कार्य जारी रहेका हुँदा उक्त कार्य पुर्णतः सम्पन्न नहुन्जेलसम्म कक्षा १-८ अध्यापन गर्ने शिक्षकहरूलाई आधारभूत शिक्षक र कक्षा ९-१० अध्यापन गर्ने शिक्षकहरूलाई माध्यमिक शिक्षकका रूपमा मानिने छ ।

**शिक्षकको पेसागत विकास मोड्युल संरचना**

**क. भाग १तालिम कार्यशाला (Training Workshop)**

- यो भाग ५ दिनसम्म प्रत्येक टिपिडि हबमा सहभागी शिक्षकहरू र विशेषज्ञ प्रक्षिक्षक विच फेस टु फेस मोडवाट सञ्चालन हुनेछ ।

**ख. भाग २ स्वध्ययन अभ्यास (Self study exercise)**

- यो भाग पहिलो भाग सञ्चालन भएपश्चात सामान्यतया २० देखी ३० दिन भित्र ३ दिन कार्यभर बराबरको क्रेडिट पाउने गरी प्रत्येक सहभागी शिक्षकले आफ्नै विद्यालयमा तोकिएका कार्यहरू सम्पादन गरी सम्पन्न गर्नुपर्ने छ ।

**ग. भाग ३ शैक्षणिक परामर्श (Instructional councelling)**

- यो भाग दोस्रो मागको अवधी पुरा भएलगतै प्रत्येक हबका प्रशिक्षकद्वारा दुई दिनसम्म सहभागीहरू कार्यरत विद्यालयमै भ्रमण गरी तीनिहरूले दोस्रो माग अन्तर्गत सम्पादन गरेका कार्यका अवस्था प्रतिवेदन मूल्याकंन तथा एजेन्डामा आधारित बैठक सञ्चालन गर्नुपर्नेछ र त्यसका आधारमा टिपिडी मोड्युल सम्पन्न प्रमाणपत्र जारी गर्नुपर्ने छ ।

अव उप्रान्त शिक्षकका पेशागत आवश्यकताको सम्बोधनका लागी सन्चालन हुने सबै तालिम कार्यक्रमहरू यसै ढाँचाका आधारमा विकास गरी सँचालन गरीएको छ। तर बहुकक्षा, बहुभाषिक र विशेष शिक्षा अध्यापन गर्ने शिक्षकहरूको तालिम भने सो भन्दा फरक ढाँचामा लिन सकिने व्यवस्था गरिएको छ । ति शिक्षकहरूको समाहित शिक्षण समुह तयार हुने भएकोले त्यस्ता शिक्षकहरूले सम्बन्धीत क्षेत्रको तालिम प्राप्त गर्ने र उनिहरूले अन्य शिक्षकहरूले लिने टिपिडि तालिम लिनु नपर्ने व्यवस्था गरिएको छ । समयको हिसावले भने ति विशेष तालिमहरू दश दश दिनको तिन मोड्युल गरी एक महिना अवधीको नै हुनेछ । विषेश शिक्षक तालिमको हकमा पनि एक महिनाको तालिम लिईसकेका शिक्षकहरूले पुर्नताजगि तालिम दश दश दिने मोड्युलका हिसाबले तिन मोड्युल लिनु पर्ने व्यवस्था गरिएको छ । शैक्षिक जनशक्ति विकास केन्द्रले खास शिक्षकहरूको खास आवश्यकतालाई सम्बोधन गर्ने गरि तालिम कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । (शिक्षकको पेसागत विकास (टिपिडी) मोड्युल सञ्चालन प्रयोजनार्थप्रशिक्षक प्रशिक्षण निर्देशिका २०६९ ।

सबैले भन्ने गरिन्छ कि शिक्षा नै विकासको आधारशिला हो मुलुकको सर्वाङ्गिण विकासकालागी गुणस्तरीय शिक्षा प्रदान गर्नु आजको आवश्यकता हो । गुणस्तरीय शिक्षाको लक्ष्य प्राप्त गर्ने त्यति सजिलो छैन, जसका लागी दक्ष जनशक्तिको आवश्यकता पर्दछ । संस्थामा कार्यरत जनशक्ति जति सक्षम, दक्ष योग्य र शिपयुक्त हुन्छन्, त्यति नै गुणस्तरीय जनशक्ति उत्पादन भई देश विकासको महत्वपूर्ण आधार बन्दछ । तसर्थ हाम्रा शैक्षिक संस्थाहरू गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम हुनु पर्दछ । तर यो एकल प्रयासले हुने कुरा पनि होइन । यस सँग सम्बन्धित सबै पक्षहरूले आ-आफ्नो जिम्मेवारी इमान्दारीताका साथ पुरा गरेमा यो त्यति टाढा पनि छैन । आवश्यकता छ सकारात्मक सोच र लगावको । बालमैत्री विद्यालय वातावरण र बालमैत्री

शिक्षण सिकाई क्रियाकलाप निर्माण गरी तल्लो तहवाटै जरा बलियो बनाउदै लगेमा माथिल्लो तहमा पनि शैक्षिक उपलब्धी राम्रो हुन गई एउटा सक्षम जनशक्ति उत्पादन हुन सक्दछ । समयानुकुल शिक्षकहरूमा दक्षता अभिवृद्धि गर्न हामी कहाँ प्रशस्त प्रयासहरू भै आएका छन् तापनि आसातित् सफलता अझै पाउन सकिएको छैन । तिनै अभ्यास अन्तर्गत अहिले "विद्यालय क्षेत्र सुधार कार्यक्रम" को प्रमुख कम्पोनेन्टको रूपमा शिक्षकको पेसागत विकास (TPD)कार्यक्रम सञ्चालनमा छ । शिक्षकहरूले शिक्षण कार्यमा भोग्नु परेका तत्कालिन समस्याहरूको समाधान गर्दै शिक्षण कार्यमा उत्कृष्टता हासिल गर्न उनीहरूकै कार्यक्षेत्र मै रही निरन्तर पेसागत सहयोग पुऱ्याउनु यस कायक्रमको उद्देश्य रहेको छ । यसका लागि देशभरका शैक्षिक तालिम केन्द्र, अगुवा स्रोतकेन्द्र र स्रोतकेन्द्रहरूले टीपीडी हबको रूपमा कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।

शिक्षाको गुणस्तर विकासका लागि देशमा विभिन्न शैक्षिक कार्यक्तमहरू सञ्चालन गरिदै आएको छ । यस तालिम केन्द्रले पनि शिक्षकको पेसागत विकास तालिम, प्र.अ.को नेतृतव क्षमता विकास, शिक्षकहरूलाई बहुभाषिक तालिम आदि कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । शैक्षिक तालिम केन्द्रचितवन समाचारपत्र२०७० ।

कुनै पनि क्षेत्रमा कार्यरत जनशक्तिको पेसागत विकासका लागि निरन्तर पेसागत क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रमको आवश्यकता पर्दछ । शिक्षक तथा प्रशिक्षकहरूको पेसागत क्षमता अभिवृद्धिका लागि पनि निरन्तर रूपमा पेसागत क्षमता विकास गर्ने अवसर प्राप्त हुनुपर्दछ । सम्बन्धित विषयमा आएका नवीनतम ज्ञान तथा सीपको कक्षाकोठामा प्रयोग गरी मौजुदा शैक्षिक उपलब्धीमा सुधार ल्याउनु सम्बन्धित शिक्षकहरूको कर्तव्य हो । शिक्षकहरूको पेसागत विकासकालागि जिम्मेवार प्रशिक्षक, विद्यालय निरिक्षक तथा स्रोत व्यक्तिहरूको पनि पेसागतक्षमताको अभिवृद्धि उत्तिकै आवश्यक हुन्छ । यस सन्दर्भमा विभिन्न खालका सेवाकालिन तालिम तथा अन्य प्रवर्तनात्मक कार्यक्रमहरूको आवश्यकता पर्दछ । यसै कुरालाई दृष्टिगत गरी विद्यालय तहमा कार्यरत शिक्षकहरूको पेसागत विकासको लागि सञ्चालन गरिएका शिक्षक शिक्षण आयोजना र माध्यमिक शिक्षा सहयोग कार्यक्रम सम्पन्न भइसकेका छन् । परिवर्तन सन्दर्भमा विद्यालय क्षेत्र सुधार कार्यक्रम सुरू भएको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमको

कार्यान्वयन प्रभावकारीताका लागि स्वीकृत शिक्षक विकास सम्बन्धी नीतिगत गाइडलाइन २०११ ले शिक्षक तथा शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिकालागी कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था गरेको छ । शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालनका क्रममा स्थानीयस्तरमा क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन हुदै आएका छन् । जस अन्तर्गत शिक्षकको पेसागत विकास, प्रध्यानाध्यापकको क्षमता विकास तालिम, विशेष शिक्षा तथा बहुकक्षा शिक्षण, बहुभाषिक शिक्षा आदि तालिम कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

स्थानीयस्तरमा क्षमता अभिवृद्धिका लागि सञ्चालित तालिम कार्यक्रमहरूलाई बढी प्रभावकारी बनाउन विद्यालय क्षेत्र सुधार कार्यक्रमले व्यक्तिगत तथा संस्थागत स्तरमा क्षमता अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । विद्यालय र स्थानियस्तरका संस्थालाई लक्षित गरी शिक्षाका औपचारिक तथा अनौपचारिक दुबैपद्धतिबाट सेवा प्रदायकहरूको क्षमता विकासमा जोड दिइने भनी नीतिगत निर्देश गरिएको छ । विद्यालय तहमा कार्यरत प्रत्येक शिक्षकलाई पाँच वर्ष भित्रमा कम्तीमा एक महिना अवधिको पुनर्ताजगी तालिम प्रदान गरिने प्रावधान छ । प्रध्यानाध्यापकले पनि क्षमता अभिवृद्धि तालिम लिनुपर्ने व्यवस्था उल्लेखित नीतिगत गाइडलाइना गरिएको छ । उपरोक्त नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्नका लागि टिपिडी कार्यक्रम कार्यान्वयन पुस्तिका २०६९ ले तालिम प्रयोजनको लागि शैक्षिक तालिम केन्द्र, अगुवा स्रोतकेन्द्र र फोकल पर्सनलाई टिपीडिप्रशिक्षकको रूपमा परिभाषित गरिएको छ ।यी व्यक्तिहरूवाट नै टिपिडी कार्यक्रम सञ्चालन हुँदै आएको छ । ती प्रशिक्षकहरूलाई सालबसाली रूपमा २९ ओटा शैक्षिक तालिम केन्द्रवाट १२ दिने सघन क्षमता विकास तालिम प्रदान गरिने व्यवस्था समेत रहेको छ । उपसचिव/वि.नि./शाखा अधिकृत/स्रोतव्यक्ति/प्रशिक्षकहरूका लागि अनलाइन/अफलाइन पेसागत क्षमता विकास, तालिम सञ्चालन पुस्तिका २०६८ ।

हाल स्वीकृत दरबन्दीमा कार्यरत ७१ प्रतिशतभन्दा बढी प्राथमिक तहका शिक्षकहरू तालिम प्राप्त छन् । त्यस्तै, नि.मा.वि. र क्रमशः ५५ प्रतिशत र ७९ प्रतिशत शिक्षकहरू तालिम प्राप्त छन् (फ्ल्यास्, २००८) । प्राथमिक तहमा निजी क्षेत्रबाट स्थापना भएका शिक्षक तालिम केन्द्रहरूवाट पूर्वसेवाकालीन तालिम दिलाउने प्रावधान छ भने नि.मा.वि. र मा.वि.का लागि

पूर्वसेवाकालिन तालिम विश्वविद्यालयका क्याम्पसहरू (शिक्षाशास्त्र सङ्काय) र उच्च माध्यमिक विद्यालयहरूमार्फत् दिइँदै आएको छ ।

शैक्षिक जनशक्ति विकास केन्द्रले मुलुकका विभिन्न क्षेत्रमा रहेका आफ्ना शैक्षिक तालिम केन्द्र तथा अन्य तालिम प्रदायक संस्थामार्फत् प्राथमिक तथा माध्यमिक शिक्षकहरूका लागी प्रमाणस्करण तथा वुनर्ताजगी तालिम दिँदै आइको छ । शिक्षक पेसामा आउनका लागी तालिम प्राप्त गर्नु अनिवार्य छ ।

विद्यालय क्षेत्र सुधार योजना योजनाले शिक्षकको तयारी तथा विकासलाई उच्च प्राथमिकतामा राखेको छ । शिक्षकहरूको गुणस्तर तथा सक्षमतामा नै शिक्षाको गुणस्तर निर्भर गर्छ । शिक्षकहरूको न्यूनतम योग्यताको स्तरको वृद्धि हुनु हुनुपर्ने भनी प्रस्ताव गरिनुका साथै अनिवार्य तालिम तथा पुनर्ताजगी तालिमका प्रावधानहरूको योजना गरिएको छ । विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ।

नेपालको वर्तमान परिप्रेक्षमा शिक्षकको पेशागत विकासको लागी के-कस्ता कार्यक्रम ल्याउन सकिन्छ भनेर विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत स्वीकृत शिक्षक विकास सम्बन्धि नीति, निर्माण र कार्य नीतिलाई आधार बनाई प्रस्तुत तालिम कार्यक्रमको विकास गरिएको हो । यसको विकास गर्दा हालसम्म नेपाल वाह्य मूलुकहरूमा अभ्यासमा रहेका शिक्षक विकास सम्बन्धी अनुभव र प्रतिवेदनहरूको अध्ययन गरिएको उल्लेख छ । यसै गरी यसको प्रारम्भिक खाका विकास गर्दा राष्ट्रिय स्तरमा कार्यशाला र परीक्षण प्रयोग गरिएको उल्लेख छ । अध्ययन र अनुभवका आधारमा शिक्षकको पेशागत विकास कार्यान्वयन पुस्तिका २०६६ विकास गरी शैक्षिक जनशक्ति विकास केन्द्रले देशभर कार्यान्वयनमा ल्याएको छ । यसको अर्थ प्रस्तुत शिक्षकको पेशागत विकास मोड्युल आलोचना र त्रुटिरहित छ भन्न खोजिएको होइन । यस कार्यक्रमको प्रभावकारिता, गुणस्तर र औचित्यको मुद्दामा अझै सुधार गर्दै जान सकिन्छ । यसका लागी तालिम कार्यान्वयन सँग सम्बद्ध सबै क्षेत्रवाट सकारात्मक भावनाले काम गरेमा हाम्रो अभिष्ट सफल हुन सक्दछ । यस कार्यक्रमलाई सफल बनाउने जिम्मा हामी सबैको हो । जसरी शिक्षक शिक्षा आयोजना र माध्यमिक शिक्षा सहयोग कार्यक्तमको सफलताले हामी

शिक्षकको पेशागत विकास गर्ने हुर्काउने बढाउने मोड्युलको अभ्यास गर्ने चरणमा पुऱ्यायो, त्यसै गरी शिक्षकको पेशागत विकास कार्यक्रमलाई सफल बनाउन सकेको खण्डमा यसवाट हामीलाई शिक्षकको विकासको अरू नयाँ नयाँ क्रियाकलापहरूका विकास अभ्यास गर्ने अवसर प्राप्त हुन सक्दछ भन्ने कुरामा विश्वास गर्न सकिन्छ । (शैक्षिक तालिम केन्द्र काभ्रे समाचारपत्र २०६६ चैत्र) ।

शिक्षकमा कार्य दक्षता बढाउन, योग्यता बढाउन अभिरूची बढाउन, उद्देश्य पुरा गर्न, सक्षम बनाउन चुनौति सामना गर्ने शक्ती सृजना गर्न, शिक्षकहरूलाई अल्पकालिन, पुर्वसेवाकालिन तालिम, कार्यशाला, सेमिनार, नमुना शिक्षण आदिको व्यवस्था गर्नु पर्दछ । शिक्षकले सिकेको ज्ञान, सीप र दक्षतालाई प्रभावकारी ढंगवाट व्यवहारमा उर्तान र प्रयोग गर्न र वातावरण मिलाउन पनि नितान्त आवश्यक हुन्छ ।प्रभावकारी शिक्षण विषयगत, पेशागत दक्ष र पोख्त शिक्षकवाट मात्र सम्भव हुन्छ । विज्ञान र प्रविधिको विकास र विस्तारले एक पटक सिकेका कुराहरू सधैका लागी उपयुक्त प्रभावकारी र प्रयाप्त नहुन सक्छन् । शैक्षिक जटिलता निराकरण गर्न, शिक्षकलाई बढुवा गर्न निरन्तर सेवाकालिन तालिमको आवश्यकता पर्दछ । Alexender the greatले भनेझै "मैले जन्म आमा बुबावाट पाँए तर मैले कर्म यो जीवन भने शिक्षकवाट पाँए, त्यसैले उहाहरू प्रति म ऋणी छु ।" यस्तै गरी S.K. Kochhar ले पनि शिक्षकको कार्यलाई महत्व दिदै भनेका छन् "शिक्षक समाजको संरचना कर्ता मात्र होइन सामाजिक कार्यकर्ता पनि हो ।" त्यस्तै गरी John Adamsभन्छन्"A bad instrument in the hands of a good artist tunes well"( असल कलाकारको हातमा विग्रेको वाद्ययन्त्र पनि ठिक सँग बज्दछ) यसरी शिक्षकको महत्वलाई मध्यनजर गरेर शिक्षकलाई निरन्तर शिक्षाको व्यवस्था गर्नु छ (काफ्ले, क्षेष्ठ, सिन्हा - २०६२) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

Management orientedमुल्याङ्कन विधीको विकासमाStuffiebeamको प्रमुख योगदान रहेको पाइन्छ, सन् १९६० र १९७० को समयमा उनिहरूले मुल्याङ्कनलाई प्रशासकिय अध्ययन र शैक्षिक निर्णय प्रक्रिया सँग सम्बन्धीत गर्दै मुल्याङ्कनलाई व्यवस्थित गर्ने कार्य गरे । शैक्षिक कार्यक्रमको Manage लाई मुल्याङ्कन प्रक्रियाको प्रमुख Organizerको रूपमा लिदै मुल्याङ्कनकर्ताको प्रमुख कार्य शैक्षिक निर्णयकर्ताहरूलाई बैकल्पिक निर्णयहरूको लेखाजोखा गर्न आवश्यक पर्ने सुचनाहरू प्रदान गर्नु हो भन्ने कुरा स्पष्ट पारे । यस अध्ययन पनि Stufflebeam को CIPP Model मा आधारित भएर गरिएको छ ।

शिक्षकको पेशागत विकास (टिपिडी तालिम) कार्यक्रमको सम्बन्धमा यसको परिवेश (Context)कार्यक्रमको लगानी (input)अर्थात् यस कार्यक्रमका लागी लगानी भएका स्रोत, साधन, सक्षमता, समय, खर्च आदीको विश्लेषण गरीएको छ। यस्तै गरी प्रक्रिया मुल्याङ्कन (Process evaluation)अन्तर्गत प्रक्रियागत ढाँचाहरू कसरी अगाडी बढी रहेका छन् । प्रक्रियागत घटना तथा क्रियाकलापहरू कुन स्तरमा सञ्चालित छन् । यस क्रममा के कस्ता बाधाहरू देखीएका छन् र के कस्ता कुराहरू सुधार गर्नु पर्ने देखिन्छ भन्ने विषयमा अध्ययन गरीएको छ। अन्तमा Product Evaluationअन्तर्गत कार्यक्रमको सञ्चालन पछि के कस्ता उत्पादन प्राप्त भयो ? उद्देश्य अनुसार उत्पादन भयो या भएन : उत्पादित जनशक्तिले शैक्षिक उपलब्धीमा कस्तो प्रभाव पार्न सक्यो इत्यादी कुराहरूको अध्ययन गरीएको छ।

## २.३ शैक्षिक उपादेयता

सम्बन्धित साहित्यको पुनरावलोकन एवम् सैद्धान्तिक खाकाको यस विषयसँग सम्बन्धित रहेर अध्ययन गर्दा शिक्षकको पेसागत विकास TPD तालिम कायत्रमको परिवेश यसका लगानीहरू, कार्यक्रम सञ्चालन प्रक्रिया साथै कार्यक्रमका उत्पादनलाई मुल्याङ्कन गरीएको हुँदा अध्ययनले टिपिडी तालिम कार्यक्रमको लागी नीति निर्माण गर्ने नेपाल सरकार कार्यक्रम कार्यन्वयन गर्ने गराउने शैक्षिक तालिम केन्द्र, जि.शि.का,स्रोत केन्द्र, विद्यालयहरू, प्रशिक्षकहरू र सहभागी शिक्षकहरूलाई कार्यक्रमको बारेमा थप जानकारी हासिल हुनेछ । साथै कार्यक्रमको सफल कार्यन्वयनमा देखीएका समस्याहरू पहिचान गरी समस्या समाधानका उपायहरू समेत खोजी

गरि प्रस्तुत गरीएकोले सम्बन्धीत सबैलाई सजिलो हुनेछ । त्यस्तै गरि आगामी अनुसन्धानकर्ताहरूलाई समेत आफुले यस तालिम कार्यक्रमका सम्बन्धमा अध्ययन गर्न नसकेका कुराहरू समावेस गरी प्रस्तुत गरीएकोले उनीहरूलाई समेत टिपिडी तालिम कार्यक्रमको बारेमा थप अध्ययन गर्न सहज हुनेछ ।

# परिच्छेद तीन
# अध्ययन विधि

कुनै पनि घटना वा विषयबस्तुका बारेमा गरिने अनुसन्धानका लागी कोरा ज्ञानले मात्र सम्भव छैन । सम्पूर्ण अध्ययन के कसरी अगाडी बढाउने भन्ने कुरामा पुर्वतयारी हुनु जरूरी हुन्छ । कुनै पनि अनुसन्धान सँग सम्बन्धीत तथ्यहरूको बारेमा क्रमबद्ध एवम् व्यवस्थित तरिकावाट अपनाईएको अनुसन्धानको प्रक्रिया नै अध्ययन विधि हो । यस परिच्छेदमा अध्ययन लाई सख्यात्मक वा गुणात्मक रूपमा अगाडी बढाउन जनसंख्या छनौट गर्न, अध्ययनको सिमा निर्धारण गर्न, तथ्याङ्क सङ्कलनका साधनहरू कुनकुन प्रयोग गर्ने, तथ्याङ्क संकलनका स्रोतहरू र प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषण गर्ने विधिहरू उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धानको ढाँचा

कुनै पनि अनुसन्धान कार्यको उद्देश्य वर्तमानमा उपलब्ध तथ्याङ्कहरूको विश्लेषण गर्दै उपलब्ध स्रोत र साधनको अधिकतम प्रयोग गरि नयाँ कुरा पत्ता लगाउनु हो । त्यसका लागी आवश्यक योजना, कार्यक्रम र रणनितीको आवश्यकता पर्दछ । पुर्व योजना र तयारी विना गरीने अनुसन्धानवाट निश्चित लक्ष्य हाँसिल हुन सक्दैन । यस अध्ययन शिक्षकको पेशागत विकास तालिम कार्यक्रमको मुल्याङ्कन गर्नु भएकोले गुणात्मक अनुसन्धाको ढाँचा अन्तर्गतको मूल्याङ्कनअनुसन्धानमाआधारित गरीएको छ । त्यसै गरी प्राप्त सूचनाहरूलाई उद्देश्यमूलक रूपमा विश्लेषण गर्दा विवरणत्मक तथा व्याख्यात्मक शैली अपनाईएको छ ।

## ३.२ जनसंख्या

यस अध्ययनका लागी जनसंख्या छनोट गर्दा हालसम्म ETC ले चितवन जिल्लामा सञ्चालित गरेको शिक्षकको पेशागत विकास तालिमकार्यक्रममा सहभागी भएका शिक्षकहरू र पिठुवा स्रोत

केन्द्र द्वारा सञ्चालित आधारभुत तहको शिक्षकको पेशागत विकास तालिम कार्यक्रममा सहागी भएका शिक्षकहरूलाई अध्ययनको जनसंख्याको रूपमा लिइएको छ ।

## ३.३ नमुना छनोट

जिल्ला शिक्षा कार्यालय चितवन अन्तर्गत पिठुवा स्रोत केन्द्र र शैक्षिक तालिम केन्द्र भरतपुरलाई प्रमुख स्रोत मानि यस तालिम केन्द्रवाट हाल सम्म उक्त कार्यक्रममा भाग लिएका वरिष्ठ प्रशिक्षक १, वि.नि.१,स्रोत व्यक्ति १ र रोष्टर प्रशिक्षक २ जना गरी जम्मा ५ जना र माध्यमिक तहको तालिम कार्यक्रममा भाग लिएका ५ जना शिक्षकहरू र पिठुवा स्रोत केन्द्रमा आधारभूत तहको तालिम कार्यक्रममा भाग लिएका ५ जना साथै कंकालि मा.वि. का प्र.अ. र जनजीवन उ.मा.वि. का प्र.अ. गरि जम्मा १७ जना व्यक्तिहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ ।

## ३.४अध्ययन साधनको छनोट र परीक्षण

अध्ययनको लागी आवश्यक सुचनाहरू संकलन गर्नकालागी २ प्रकारका सुचनाका साधनहरू निर्माण गर्नु प्रयोग गरिएको छ ।

क. प्राथमिक सुचना संकलनका साधनहरू :

१. अन्तरवार्ता र प्रश्नावली :

यस अनुसन्धानका लागी राखिएको उद्देश्यहरू पुरा गर्न छनोटमा परेका व्यक्तिहरूलाई अन्तरवार्ता तथा प्रश्नावलीहरू तयार गरि तथ्याङ्क सङ्कलन गरिएको छ ।

२. द्वितीय सूचना सङ्कलनका साधनहरू :

द्वितीय सूचना संकलनका लागी शैक्षिक तालिम केन्द्र भरतपुरवाट अभिलेख उपलब्ध गरी प्रयोग गरीएको छ। त्यस्तै गरि पिठुवा स्रोत केन्द्र सँग अभिलेख माग गरी सुचनाहरू संकलन गरीएको छ ।

### ३.५तथ्याङ्क सङ्कलन प्रक्रिया

अध्ययनका उद्देश्यहरू पुरा गर्नको लागी छनोटमा परेको शैक्षिक तालिम केन्द्र भरतपुरमा सम्पर्क गरी हालसम्म चितवन जिल्लामा सञ्चालन भएको शिक्षकको पेशागत विकास तालिम कार्यक्रमका बारेमा विस्तृत जानकारी लिइएकोछ । त्यस्तै गरि पिठुवा स्रोतकेन्द्र र स्रोत केन्द्रका स्रोतव्यक्ती सँग सम्पर्क गरी आवश्यक सुचनाहरू सङ्कलन गरीएको छ।

क. प्राथमिक सुचना संकलनका लागी छनोटमा परेका २ वटा विद्यालयमा अनुसन्धाकता आफै पुगी हालसम्म शिक्षकको पेशागत विकास तालिम कार्यक्रममा भाग लिएका ५-५ जना गरी १० जना आधारभुत तह तथा माध्यमिक तहका शिक्षकहरू सँग सम्पर्क गरी प्रश्नावलीको आधारमा सुचना सङ्कलन गरीएको छ। त्यस्तै गरि शै.ता.के भरतपुरका वरिष्ठ प्रशिक्षण, रोष्टर प्रशिक्षक एवं पिठुवा स्रोत केन्द्रका वि.नि. व्यक्ति र रोष्टर प्रशिक्षक संग अर्न्तवार्ता तथा प्रश्नावलीका आधारमा तथ्याङ्क सङ्कलन गरीएको छ।

ख. द्वितिय सुचना सङ्कलनअध्ययनको उद्देश्यहरू पुरा गर्नको लागि सम्बन्धीत शैक्षिक तालिम केन्द्र एव स्रोत केद्रमा पुगी हाल सम्म शिक्षकको पेशागत विकास कार्यक्रम अन्तर्गत सञ्चालित मोड्युलहरूको जानकारी प्राप्त गरीएको छ ।

### ३.६ तथ्याङ्कको व्याख्या विश्लेषण

यस अध्ययनको मुख्य उद्देश्य शिक्षकको पेशागत विकास कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण गर्नु रहेको छ । यसैले यस कार्यक्रम सँग सम्बन्धीत बढी भन्दा बढी सुचनाहरू संकलन गर्नकालागी कार्यक्रम सँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रम संयोजक, वि.नि. स्रोतव्यक्ति, विद्यालय प्र.अ., रोष्टर प्रशिक्षक साथै सहभागी शिक्षकहरू सँग प्रत्यक्ष भेट गरि कार्यक्रमका बारेमा आवश्यक तथ्याङ्क संकलन गरीएको छ। यसका लागी अन्तरवार्ता तथा प्रश्नावलीहरूको प्रयोग गरीएको छ। प्राप्त भएका सुचनाहरूलाई मूलत : व्याख्यात्मक एंव विवरणात्मक शैलीमा प्रस्तुत गरीएको छ। यसको लागी आवश्यकता अनुसार तालिका साथै चार्टको प्रयोग गरीएको छ।

# परिच्छेद चार

# नतिजाको व्याख्या र विश्लेषण

यस परिच्छेद अन्तर्गत शिक्षकको पेशागत विकास (टिपिडी तालिम) कार्यक्रमको मुल्याङ्कनको लागी प्रसिद्व मुल्याङ्कनविद् Stuffiebem को CIPP Modelमा आधारित भई अध्ययन प्रारम्भ गरिएकोछ। कार्यक्रम मूल्याङ्कनको उद्देश्य अनुसार प्राप्त भएका सुचनाहरूलाई बुदागत रूपमा व्याख्या एंव विश्लेषण गरीएको छ।

## ४.१ शिक्षकको पेशागत विकास कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण

शिक्षकको पेशागत विकास कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण गर्ने उद्देश्य अनुसार कार्यक्रमका सम्बन्धमा विस्तृत जानकारी हाँसील गरी यसको परिवेश, लगानी व्यवस्था, सञ्चालन प्रक्रिया तथा कार्यक्रम कार्यान्वयन पश्चात प्राप्त उत्पादनलाई क्रमिक रूपमा प्रस्तुत गरीएको छ। जसवाट कार्यक्रमको वर्तमान अवस्था राम्रो सँग बुझ्न मद्दत मिल्नेछ।

### ४.१.१ परिवेश मूल्याङ्कन (Context Evaiuation)

शिक्षकको पेशागत विकास (TPD) कार्यक्रम शिक्षा क्षेत्रमा अग्रगामी सुधार गर्ने उद्देश्यले नेपाल सरकारले ल्याएको विद्यालय क्षेत्र सुधार योजना (School Sector Reform Plan)अन्तर्गतको एउटा कार्यक्रम हो। कार्यक्रमको परिवेश लाई मूल्याङ्कन गर्दा कार्यक्रम राष्ट्रिय तथा अर्न्तराष्ट्रिय परिवेश सुहाउदो नै देखिएको छ। यस कार्यक्रम हालसम्म नेपाल भित्र र विभिन्न अन्य मुलुकहरूमा अभ्यासमा रहेका शिक्षक विकास सम्बन्धी अनुभव र अनुसन्धान प्रतिवेदनको सधन अध्ययन गर्नुका साथै विविध प्राविधिक अभ्यासहरू गरी सञ्चालनमा ल्याइएको छ। यो कार्यक्रमलाई सहजतापुर्वक सम्पन्न गर्नकालागी देशभर मैजुदा १ हजार ५३ ओटा स्रोतकेन्द्र, ४६ ओटा अगुवा स्रोतकेन्द्र एवं २९ ओटा शैक्षिक तालिम केन्द्रहरूमा कार्यक्रम सञ्चालन गरिन्छ। सबै आधारभूत तह (१-५) शिक्षकहरूको पहुँचका लागी आफ्नै स्रोतकेन्द्रवाट तालिम प्राप्त गर्ने अवसर मिलाइएको छ भने माध्यमिक तहका र आधारभूत तह (६-८) शिक्षकहरूका

लागी अगुवा स्रोतकेन्द्रतथा शैक्षिक तालिम केन्द्रवाट कार्यक्रम सञ्चालन गरिने व्यवस्था मिलाइएको छ । यसरी विकेन्द्रीत रूपमा तालिम प्राप्त गर्ने अवसर मिलाइएको हुदा शिक्षकहरूको पेशागत विकासमा बढोत्तरी हुने अपेक्षा गरिएको छ ।

कार्यक्रमको परिवेश मुल्याङ्कन गर्दा आधारभूत तहका शिक्षकहरूको लागी टिपीडी कार्यक्रममा भाग लिन जानको लागी दुरीका हिसावले टिपिडी हव नजिक पर्ने भए पनि माध्यमिक तह र आधारभूत तह (६-८) का शिक्षकहरूकालागी भने केन्द्र देखी टाढाँ भएका शिक्षकहरूलाई केहि कठिनाई उत्पन्न भएको देखिएको छ ।

### ४.१.२ लगानी (Input)मूल्याङ्कन

प्रस्तुत TPDकार्यक्रम लक्षित समुह केन्द्रित कुशलतायुक्त लगानी व्यवस्थामा सञ्चालिन गरिएको कार्यक्रम हो । यसका मुख्य लगानीहरूनिम्न लिखित छन् ।

१. प्रशिक्षकहरू (६ वटै विषयको)

२. CFOS [Cluster Focal Officers]

३. नमुना मोड्युल सामग्रीहरू (शैक्षिक जनशक्ति विकास केन्द्रवाट तथा शै.ता.केन्द्रवाट वितरित)

४. मोड्युल सामग्री (प्रशिक्षकहरूवाट विषयत रूपमा तयार गरिएको

५. सहभागी शिक्षकहरू

६. समय (३० कार्यदिन बराबर)

७. बजेट

टिपिडी कार्यक्रम एउटा वृहत कार्यक्रम हो । यस अन्तर्गतको एउटा मुख्य कम्पोनेन्ट शिक्षाकको पेशागत विकास मोड्युल सञ्चालन गर्न माध्यमिक तह र आधारभुत तहको लागी लाग्ने बजेट शिर्षकहरूलाई तलको तालिकावाट देखाइएको छ ।

**शिक्षकको पेशागत विकास १० दिने एउटा मोड्युल सञ्चालन गर्न लाग्ने खर्च शिर्षकहरूमा.वि. तह**

१. प्रशिक्षक प्रशिक्षण (१ जना)

२. मोड्युल विकास १ वटा विषयको (प्रिन्टिङ / फोटोकपी)

३. प्र.अ. एंव प्रशिक्षकहरूलाई अभिमुखीकरण

४. आवश्यकता प्रस्ताव प्रमाणीकरण

५. प्रोफाइल तयारी

६. मोड्युल तयारी

    क. १५ सत्रको लागी सञ्चालन खर्च

    ख. सहभागी शिक्षक निर्वाह खर्च

    ग. खाजा खर्च

    घ. मसलन्द

    ङ. शैक्षणिक परामर्श प्रदान

    च. अन्तर विद्यालय भ्रमण

माथि उल्लेखित खर्च शिर्षकहरूमा खर्च गर्नको लागि नेपाल सरकारले आधारभूततह ६-८ र मा.वि. तह ९-१० को टिपीडि तालिम सञ्चालन गर्नको लागी प्रति सहभागी रू.५,०००।- का दरले २५ जनाका लागी रू.१,२५,०००।- विनियोजन गरिएको छ । त्यस्तै गरी अधारभूत तह १-५ को टिपिडि तालिम (१० दिने १ ओटा मोड्युल) सञ्चालन गर्नको लागी प्रति सहभागी रू.३४०० का दरले २५ जनाका लागी रू.८५,०००।- विनियोजन गरेको छ ।

यसरी कार्यक्रमको लगानीलाई मूल्याङ्कन गर्दा कार्यक्रमकोलागी अति आवश्यकीय खर्च देखी बाहेक अन्य शिर्षकहरूमा खर्च गरिएको देखिएको छैन । त्यस्तै गरि मानवीय साधनहरूको लगानी पनि आवश्यकताकै आधारमा गरिएको पाइन्छ । TPDकार्यक्रममा सहभागी प्रशिक्षक, प्र.अ. एंव सहभागी शिक्षकहरूवाट प्राप्त जानकारी अनुसार तालिममा लगानी भएको श्रम साथै समयलाई हेर्दा वजेट भने निकै कम भएको जानकारी प्राप्त भएको छ ।

### ४.१.३ प्रक्रिया (Process) मूल्याङ्कन

शिक्षकको पेसागत विकास (TPD)कार्यक्रम नेपालको परिप्रेक्षमा न्यौलो अभ्यास भएको हुँदा स्वाभाविक रूपले नै कायक्रको सफल कार्यान्वयनको लागी कार्यक्रमको सञ्चालन प्रक्रियामा पनि केही न्यौलोपन देखिएको छ । कार्यक्रमको अवधारणा खाका राष्ट्रिय एंव अन्तराष्ट्रिय परामर्शदाताहरू संगको सहकार्यवाट तयार गरी आधारभुत तह र माध्यमिक तहका १५० जना शिक्षकहरूका लागी देशभरकासातओटा जिल्ला (झापा, भक्तपुर, मकवानपुर, कैलाली, रूपन्देही, सुर्खेत र डडेलधुरा) का शैक्षिक तालिम केन्द्र, अगुवा स्रोत केन्द्र र स्रोतकेन्द्रहरू मार्फत परीक्षण कार्य सम्पन्न गरी कार्यान्वयनमा ल्याइएको छ । यस कार्यक्रमको सञ्चालन प्रक्रियालाई बुँदागत रूपमा यसरी प्रस्तुत गरिएको छ ।

**१. प्रशिक्षक / रोष्टर निर्माण :**

जिल्ला शिक्षा कार्यालयले प्रत्येक स्रोतकेन्द्रमा आफ्नो सेवाक्षेत्र अन्तर्गत कार्यरत शिक्षकहरू मध्येवाट स्थानिय प्रतिस्पर्धाका अधारमा तोकिए बमोजिम मापदण्ड अवलम्बन गरी १/१ जनाका दरले विषयगत रूपमा प्रत्येकमा जम्मा ६जनाका दरले रोष्टर प्रशिक्षक तयार गरी तिनका परिचालन व्यवस्था मिलाउने प्रयोजनका निमित्त चितवन जिल्लाको शैक्षिक तालिम केन्द्रका लागी अवाश्यक पर्ने मुख्य ६ वटा विषयहरू अंग्रेजी, विज्ञान, गणित, नेपाली, सामाजिक र स्वास्थय जनसंख्या तथा वातावरण विषयका रोष्टर प्रशिक्षक तयार गरीएको छ । प्रशिक्षकहरू छनोट गर्दा जिल्ला शिक्षा कार्यालयले तोकिएको मापदण्ड पुरा गरी स्थानिय प्रतिस्पर्धाका आधारमा जिल्लाका १३ वटै स्रोतकेन्द्रहरूका लागी आवश्यक पर्ने ६ वटै विषयका रोष्टर

प्रशिक्षकहरू तयार गरि आ.व. २०६६/०६७ वाट नै कार्यक्रम सञ्चालन भई रहेको जानकारी प्राप्त भएको छ ।

**२. प्र.अ. हरूलाई अभिमुखीकरण :**

टि.पी.डी. कार्यक्रमको सफल कार्यान्वयनको लागी प्र.अ.हरूको भूमिका साथै आफ्ना शिक्षकहरूलाई कसरी आवश्यकता प्रस्ताव भराउने, कस्ता कस्ता प्रस्तावहरू हवमा पठाउने भन्ने सन्दर्भमा प्रधानाध्यापकहरूलाई २ दिने अभिमुखिकरण कार्यक्रम माध्यमिक तहका प्र.अ.हरूलाई ETC चितवन र आधारभुत तहका प्र.अ. हरूलाई सम्बन्धीत स्रोत केन्द्रमार्फत दिइएको छ ।

**३. आवश्यकता प्रस्ताव तयारी :**

यस सम्बन्धमा अध्ययन गर्दा ETC चितवन साथै सबै स्रोत केन्द्रहरूमा तलको टिपीडि आवश्यकता प्रस्ताव ढाँचामा शिक्षकहरूले अध्यापन गर्दा आई परेको समस्या साथै उक्त समस्या समाधान गर्नको लागी अवाश्यक पर्ने पेसागत सहयोग समेत उल्लेख गरी अनुसूची १ को टिपिडी आवश्यकता प्रस्ताव ढाँचामा आवश्यकता भरी माध्यमिक तहको ETC चितवनमा र आधारभूत तहकोसम्बन्धीत स्रोतकेन्द्रहरूमा पठाइने गरेको छ ।

अनुसूची १ मा उल्लेखित टिपीडी आवश्यकता प्रस्ताव फारमलाई अझ व्यवस्थित र सहजीकरण गरी हाल आवश्यकता समुह समेत उल्लेख गरेको तयारी फारम हरेक विषयत शिक्षकलाई छुट्टाछुटै उपलब्ध गराई भराइएको समेत पाइएको छ । जसले गर्दा आवश्यकता प्रस्तावलाई संकलन गर्न र प्रमाणित गर्न सजिलो भएको छ ।

**४. आवश्यकता प्रस्ताव प्रमाणीकरण :**

टिपिडी कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार आवश्यकता प्रस्तावहरूलाई प्रमाणित गर्ने प्रक्रियाका लागी नुमनाका रूपमा १५%-२०% विद्यालय भ्रमण प्र.अ. लगायत सबै शिक्षकहरू सँग शिक्षकका पेशागत आवश्यकता सम्बन्धमा अन्तरक्रिया, शिक्षकहरूको कक्षाकोठा शिक्षण

अवलोकन, शिक्षक सँग शिक्षण सिकाइका सन्दर्भमा छलफल गरी साँच्चै समस्या देखिएका आवश्यकता प्रस्तावहरू संकलन गरी प्रमाणित गर्नुपर्ने प्रावधान छ । तर यो प्रावधान समय एंव खर्चको व्यवस्थापनको अभावले गर्दाETCएंव सबै स्रोत केन्द्रहरूमा हुन नसकको कुरा जानकारी प्राप्त भएको छ । बढी भन्दा बढी आवश्यकता महसुस भएका प्रस्तावहरूलाई नै मुख्य आधार मानी प्रस्तावलाई प्रमणिकरण गरिएको छ ।

**५. प्रस्ताव प्रोफाइल तयारी :**

माथी उल्लेखित प्रक्रियाका लागी ETC चितवन साथै सबै  स्रोतकेन्द्रहरूमा अनुसूची २ को टिपिडी आवश्यकता प्रोफाइल ढाँचामा प्रस्तावहरूको प्रोफाईल तयार गरिएको पाइएको छ । जसवाट टिपिडी कार्यक्रमको अभिलेख नै तयार भएको छ ।

**६. नियमित प्रशिक्षक विकास :**

यस प्रक्रियाको निमित्त शैक्षिक तालिम केन्द्रले प्रत्येक स्रोत केन्द्रवाट वार्षिक रूपमा कम्तिमा एकजना प्रशिक्षक, रोष्टर, स्रोत व्यक्ति र प्रत्येक जिशिका वाट कम्तिमा २ जना विनिहरूलाई दुईहप्ता सम्मको सधन क्षमता विकास तालिम प्रदान गरेको छ ।

**७. एकिकृत प्रशिक्षक विकास :**

माथि उल्लेखित प्रक्रियाका निमित्त स्रोत केन्द्र, अगुवा स्रोतकेन्द्रले सधन क्षमता विकास  तालिम लिई फर्केका स्रोतकेद्र र अगुवा स्रोत केन्द्रका प्रशिक्षक, स्रोतव्यक्तिहरूवाट आफ्नो केन्द्रका लागी कार्यरत सबै रोष्टरहरूलाई २ दिने अभिमुखिकरण कार्यशला सञ्चालन गरि पहिलो मोड्युलमा ति सबै विषयगत रोष्टर प्रशिक्षकहरूलाई समेत सहभागी गराई एकिकृत प्रशिक्षक विकास गरेको छ । अध्ययनवाट प्राप्त सुचनाअनुसार यस्तो अभिमुखिकरण कार्यशाला पुर्वी चितवन र.न.पा.२ मा अवस्थित नेपाल उच्च मा.वि.लाई केन्द्र मानी पुर्वी चितवनका स्रोतकेन्द्रहरूका रोष्टर प्रशिक्षकहरूलाई २०६७ साल बैशाख महिनामा सञ्चालन गरिएको थियो ।

**८. मोड्युल सामग्री विकास :**

टिपिडी कार्यक्रम सञ्चालनको निम्ति प्रमणीत आवश्यकता प्रस्तावहरूका आधारमा प्रशिक्षक, रोष्टर, स्रोतव्यक्तिहरूद्वारा विषयगत रूपमा १० दिने मोड्युल सामग्री निर्माण गरि तोकिएको समयभित्र जि.शि.का मा बुझाउनु पर्दछ । तसर्थ सो प्रक्रियाका लागी कार्यक्रम सञ्चालन पुर्व तिनवटा भागहरू :

भाग १तालम कार्यशाला ५ दिने, १५ सत्रका लागी

भाग २ स्वाध्यान अभ्यास ३ कार्यदिन

भाग ३ शैक्षणिक परामर्श २ कार्यदिन

बराबरको एउटा मोड्युल सामग्री विकास गरि ETC चितवन र स्रोतकेन्द्रहरूमा कार्यक्रम सञ्चालन गरेको पाइएको छ ।

**९. मोड्युल सञ्चालन :**

माथी उल्लेखित प्रक्रियाका निमित्त माध्यमिक तहको लागी ETC चितवनले आवश्यकता प्रस्तावमा माग भए बमोजिम मोड्युल सामग्री विकास गरी ६ वटा विषयहरूकोTPDतालिम मोड्युलमा आ.व. २०६६/०६७ देखी नै सञ्चालन गर्दै आई रहेको छ । साथै आ.व. २०७० साल देखी आधारभूत तह (६-८) को टिपिडी तालिम पनिETCचितवनले संचालन गरिरहेको छ । त्यस्तै जिल्लाका १३ वटै स्रोत केन्द्रहरूमा पनि सोही समय देखी नै विषयगत मोड्युलहरू सञ्चालन भई रहेका छन् ।

**१०. मोड्युल सम्पन्न प्रमाणपत्र वितरण :**

टिपिडी तालिम कार्यक्रमको अन्तिम चरण मोड्युल सम्पन्न प्रमाणपत्र प्रदान गर्ने हो । प्राप्त जानकारी अनुसार ETCचितवन वाट तीनवटै मोड्युलहरू पुरा गरिसक्ने शिक्षकहरूलाईअनुसूची ३ को मोड्युल सम्पन्न प्रमाणपत्र ढाँचामा मोड्युल सम्पन्न प्रमाणपत्र वितरण गरीएको र अन्य

सहभागिहरूलाई ३ वटै मोड्युलहरू सकिने वित्तिकै प्रमाणपत्र वितरण गरिने कुरा जानकारी प्राप्त भएको छ ।

टिपिडी कार्यक्रम सञ्चालन प्रक्रियाको अध्ययन गर्दा माध्यमिक तहको मोड्युल सञ्चालन ETC चितवनमासाथै आ.व. २०७१/०७१ देखी आधारभुत तह (६-८) का शिक्षकहरूलाई समेत मोड्युल सञ्चालन गरेको छ ।अध्ययनको नमुना छनोटमा परेको पिठुवा स्रोतकेन्द्रमा एकपटक आ.व. ०६९/०७०जम्मा २५ जना शिक्षकहरूको लागी आधारभुत तह (६-८) को मोड्युल सञ्चालन गरेको थियो । अन्य सबै मोड्युलहरू आधारभुत तह (१-५) लाई आधार बनाइ सञ्चालन हुदै आइरहेका छ ।

## ४. उत्पादन (Product) मूल्याङ्कन

कुनै पनि कार्यक्रमको समाप्ति पछि त्यस कार्यक्रम वाट कस्तो प्रकारको उपलब्धी हाँसिल भयो भनेर गरिने लेखा जोखालाई नै कार्यक्रमको उत्पादन (Product)मूल्याङ्कन भनिन्छ । शिक्षकको पेशागत विकास (TPD)कार्यक्रमको मुख्य उद्देश्य नै शिक्षकहरूको निरन्तर पेशागत विकासमा सहयोग गरी विद्यार्थीहरूको सिकाई उपलब्धी बृद्बि गर्नु हो । तसर्थ TPD कार्यक्रमको उत्पादनलाई पनि त्यसै अनुसार मूल्याङ्कन गरिएको छ ।

### १.शिक्षकहरूको पेशागत विकास :

शिक्षकहरूको पेशागत विकासको लागी प्रथमत : पेशागत विकास मोड्युलमा भाग लिनु पर्दछ (TPD)तालिम कार्यक्रमको उत्पादन मूल्याङ्कन गर्नको लागी यस पिठुवा स्रोत केन्द्र वाट र ETCचितवनमा हालसम्म कार्यक्रममासहभागी शिक्षकहरूको विवरण माग गर्दा प्राप्त भएको सुचनालाई तल दिइएको तालिकामा देखाइएको छ ।

## शिक्षकहरूको पेशागत विकास मोड्युल अनुसारको सहभागी विवरण

## शैक्षिक तालिम केन्द्र चितवन

| जिल्ला चितवन | शिक्षकको पेसागत विकास (टिपिडी) तालिम माध्यमिक तह | | | शिक्षकको पेसागत विकास (टिपिडी) तालिम आधारभूत (६-८) | | |
|---|---|---|---|---|---|---|
| आ.व. | हाल सम्म पहिलो मोड्युलपुरा गर्ने संख्या | हाल सम्म दोस्रो मोड्युल पुरागर्ने संख्या | हाल सम्म तेस्रो मोड्युल पुरागर्ने संख्या | हाल सम्म पहिलो मोड्युलपुरा गर्ने संख्या | हाल सम्म दोस्रो मोड्युल पुरागर्ने संख्या | हाल सम्म तेस्रो मोड्युल सम्पन्न गर्ने संख्या |
| २०६६/६७ | ७५ | ०० | ०० | ०० | ०० | ०० |
| २०६७/६८ | १६२ | ०० | ०० | ०० | ०० | ०० |
| २०६८/६९ | १८७ | ११ | ३ | ०० | ०० | ०० |
| २०६९/७० | ७६ | २२ | २ | ०० | ०० | ०० |
| २०७०/०७१ | ४६ | ११६ | १७ | २३६ | ०० | ०० |
| जम्मा | ५४६ | १४९ | २२ | २३६ | ०० | ०० |

त्यस्तै आधारभुत तहको लागी अध्ययन गर्दा छनोटमा परेको पिठुवा स्रोतकेन्द्रको आर्थिक वर्ष २०७०/०७१सम्म मोड्युलमा सहभागीहरूको विवरण यस प्रकार छ ।

| जिल्ला चितवन | शिक्षकको पेसागत विकास (टिपिडी) तालिम आधारभूत तह पिठुवा स्रोत केन्द्र | | |
|---|---|---|---|
| आ.व. | हाल सम्म पहिलो मोड्युलपुरा गर्ने संख्या | हाल सम्म दोस्रो मोड्युल पुरागर्ने संख्या | हाल सम्म तेस्रो मोड्युल पुरागर्ने संख्या |
| ०६६/०६७ देखि ०७०/०७१सम्म२४७ | २४७ | ११३ | १५ |

माथी उल्लेखित सहभागी शिक्षकहरूको पेशागत विकास निम्नलिखित मध्यमवाट भएको छ

क. ५ दिने Face to faceतालिम कार्यशालाका माध्यमहरू : समस्या माथी छलफल, अन्तरक्रिया, शैक्षिक सामग्री निर्माण, प्रस्तुतिकरण, पृष्ठपोषण आदी

**ख.** **परियोजना कार्य** : स्वअध्ययन अभ्यास अन्तर्गत मोड्युलमा सहभागी शिक्षकहरूले अनुसूची ४ को ढाँचामा शिक्षण सुधार योजना Teaching Improvement Plan-TIP निर्माण, Case Study, Action Research, नजिता विश्लेषण इत्यादी मध्ये TIP अनिवार्य रूपले निर्माण गरी बाँकी २ वटा अन्य प्रोजेक्ट कार्य गर्नु पर्दछ । यसवाट उनिहरूको पेशागत विकास को साथै पेसागत जवाफ देहितामा समेत वृद्वि भएको छ ।

**ग.शैक्षणिक परामर्श** :TPD मोड्युलको तेस्रो भाग शैक्षणिक परामर्श हो । सहभागी शिक्षकहरूको पेशागत विकासको लागी प्रशिक्षकहरूवाट उनिहरूलाई शिक्षण सुधारको लागी परामर्श प्रदान गरिन्छ । यस भागमा प्रशिक्षकहरू सहभागी शिक्षकहरूको विद्यालयमा पुगी उनिहरूले तयार गरेको Project workको निरीक्षण, कक्षा अवलोकन साथै विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ, शिक्षक स्टाफ एंव सहभागी शिक्षकहरू समेतको सयुक्त बैठक बसी शैक्षिक सुधारका लागी आवश्यक परामर्श प्रदान गरिन्छ । जसवाट शिक्षकहरूको पेशागत विकास हुन जान्छ र शैक्षिक उपलब्धीमा समेत सकरात्मक प्रभाव पर्दछ

## २. प्रशिक्षकहरूको क्षमता विकास :

कार्यक्रमको उत्पादनलाई मुल्याङ्कनगर्दा TPD मोड्युल सञ्चालन गर्ने प्रशिक्षकहरूको समेत दक्षता साथै क्षमता विकास भएको पाइएको छ । अध्ययन अनुसार निम्न तरिकावाट उनिहरूको क्षमता विकास भएको छ ।

१. १२ दिने सघन प्रशिक्षक प्रशिक्षण कार्यक्रम मार्फत ।

२. मोड्युल सामग्री विकास ।

३. मोड्युल सञ्चालन ।

४.	सहभागीहरू सँग छलफल, अर्न्तक्रिया, कक्षा अवलोकन, Project कार्यको निरिक्षण एंव अध्ययन ।

५.	विद्यालय भ्रमण साथै अनुभव आदान प्रदान ।

**३. विद्यार्थीहरूको शैक्षिक उपलब्धी स्तरमा वृद्वि**

अध्ययनवाट जानकारी प्राप्त अनुसार टिपिडी तालिम कार्यक्रम सञ्चालन पछि सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको उपलब्धी स्तरमा वृद्वि भएको छ ।

**४. निरीक्षण तथा अनुगमनमा वृद्वि :**

कार्यक्रमको तेस्रो भाग शैक्षणिक परामर्श हो । यसमा प्रशिक्षकहरू द्वारा सहभागी शिक्षकहरूको कक्षा अवलोकन गरि पृष्ठपोषण प्रदान गर्नु पर्दछ । यस क्रममा विद्यालयको निरिक्षण एंव अनुगमन गरी सम्बन्धीत स्रोत केन्द्र तथा ETC चितवनमा रिपोर्ट समेत पेश गर्नु पर्ने हुँदा सहभागीहरू आफ्नो पेसागत जिम्मेवारी प्रती बढि सचेत हुने गरेको पाइएको छ ।

यसरी शिक्षकको पेशागत विकास टिपिडी तालिम कार्यक्रमको उत्पादनलाई मुल्याङ्कन गर्दा ETC चितवन र विठुवा स्रोतकेन्द्रवाट कार्यक्रममा सहभागी शिक्षकहरूले आफ्नो पेशागत सिपको विकास गरेको पाइयो । शिक्षकहरूले शैक्षिक सामग्री निर्माण, नविनतम शिक्षण विधिहरूको प्रयोग मुल्याङ्कनका तरिकाहरू, शान्ती, मानव अधिकार र नागरिक शिक्षा, बालअधिकार, सधन यौनिकता शिक्षा साथै केही जीवनपयोगी सीपहरूको बारेमा समेत ज्ञान हाँसिल गरेको कुरा जानकारी प्राप्त भएको छ । शिक्षकहरूले आफ्नो पेशागत समस्या पहिचान गरी उक्त समस्याको समाधान गरेको परियोजना कार्यहरू गरेको, विद्यार्थीहरूको शैक्षिक उपलब्धी स्तर वृद्वि गर्न थप शैक्षिक गतिविधिहरू सञ्चालन गरेको पाइयो । यसरी Management orientedमूल्याङ्कन बिधि Stufflebeam कोCIPP Model लाई आधार मानी गरिएको यस अध्ययनमा शिक्षकको पेसागत विकास टिपिडी तालिम कार्यक्रमको परिवेश, लगानी, कार्यक्रम कार्यन्वयनको प्रक्रिया एंव कार्यक्रमवाट प्राप्त उत्पादनको समेत अध्ययन गरियो, माथी उल्लेखीत ४ वटा पक्षहरूको

अध्ययन गर्दा कार्यक्रम उद्देश्य अनुरूप नै सञ्चालन भईरहेको र प्रतिफल पनि सन्तोषजनक नै पाईएको छ ।

## ४.२ शिक्षकको पेशागत विकास तालिम कार्यक्रमको समस्या पहिचान साथै समाधानका उपायहरू :

### ४.२.१. समस्याको पहिचान

माथी उल्लेखित उद्देश्यहरू अनुसार शिक्षकको पेशागत विकास कार्यक्रमको समस्याहरू पत्ता लगाउन अध्ययनमा छनोट भएका वरिष्ठ प्रशिक्षक, प्रशिक्षक, सहभागी शिक्षकहरू, प्र.अ.हरू सँग सोधिएका प्रश्नावली साथै अन्तरवार्ताका माध्यमवाट प्राप्त भएका जानकारीहरू अनुसार शिक्षकको पेसागत विकास मोड्युल सञ्चालनमा देखिएका समस्याहरू निम्न लिखित छन् ।

**क. मोड्युल संचालनको समयअवधि :**

कार्यक्रम अन्तर्गत ५ वर्ष भित्र ३० कार्यदिन बराबरको ३ वटा मोड्युलहरू सञ्चालन हुनेछन् । यसरी हेर्दा ५ वर्षको समय लामो भएको, कतिपयले यस समय भित्र सेवावाट नै निवृत्त हुने, एउटा मोड्युल र अर्को मोड्युलको विचमा कम्तीमा पनि एक वर्षको अन्तर हुने भएकोले कार्यक्रममा सहभागी हुन नपाइने जस्ता समस्याहरू भएको देखिएको छ ।

**ख. आवश्यकता प्रस्ताव पेश :**

कतिपय शिक्षकहरूलाई सर्वप्रथम आफ्नो शिक्षण कार्यमा परेको समस्या पहिचानमा कठिनाई भएको छ । कस्ता कस्ता विषय क्षेत्रमा आवश्यकता प्रस्ताव पेश गर्ने भन्ने समस्या देखिएको छ । प्र.अ.हरूलाई यस विषयमा अभिमुखिकरण तालिम दिइ सक्दा पनि उनिहरूले आफ्ना शिक्षकहरूलाई यस विषयमा प्रष्ट पार्न सकेका छैनन् ।

**ग.मोड्युल सामग्री विकास :**

अधिल्ला तालिमहरूमा शैक्षिक जनशक्ति विकास केन्द्रले तालिमको लागी आवश्यक मोड्युल सामग्री तयार गरि पठाउने गर्दथ्यो । तर यो कार्यक्रमको लागी आवश्यक मोड्युल सामग्री शिक्षकहरूको आवश्यकता प्रस्ताव अनुसार तयार गर्नु पर्ने भएकोले सामग्री विकासको लागी लाग्ने समय एंव श्रमको समस्या छ । १५ वटा सत्रहरूमा धेरै भन्दा धेरै समस्याहरू सम्बोधन हुने गरी मोड्युल विकास गर्न समस्या देखिएको छ ।

**घ.प्रशिक्षकहरूको जिम्बेवारी :**

कार्यक्रम सञ्चालनका लागी तयार गरिएका रोष्टर प्रशिक्षकहरू प्राय गरि कार्यरत शिक्षकहरू नै हुने भएकोले आफ्नो पेशागत जिम्मेवारी पुरा गर्नु उनिहरूको प्रथम कर्तव्य हुन्छ । त्यस पछि प्रशिक्षक भई सकेपछि कार्यक्रमलाई सफलता पुर्वक सम्पन्न गर्नकोलागी थप समयको आवश्यकता पर्दछ । दोहोरो भूमिका निभाउनु पर्दा प्रशिक्षकहरूलाई कठिनाई उत्पन्न भएको देखिएको छ ।

**ङ.तालिम सञ्चालनमा समस्या :**

हाल नेपाल सरकारले (१-८) लाई आधारभूत तह भनी छुट्याई दिइपछि १-८ मा अध्यापन गर्ने सबै शिक्षकहरू आधारभूत तहका शिक्षकहरू भएका छन् । र आवश्यकता प्रस्ताव पनि त्यसै गरि स्रोतकेन्द्र स्तरमा पेश हुन्छ । १-३ मात्र अध्यापन गराउने १-५ मात्र अध्यापन गराउने र ६-८ मा अध्यापन गर्ने शिक्षकहरूलाई एक्कै ठाउमा राखेर तालिम प्रदान गर्नु एउटा कठिन कार्य भएको छ । र मोड्युल सञ्चालन पनि त्यति प्रभावकारी भएको छैन । तर माध्यमिक तहमा भने यो समस्या देखिएको छैन ।

**च. नीतिगत समस्या :**

शिक्षकको पेशागत विकास कार्यक्रमको नीति अनुसार शिक्षकहरूको वृति विकासकालागी प्रत्येक तहमा Beginner, Experienced, Master and Expert गरी जम्मा चारवटा श्रेणी रहने र प्रत्येक माथिल्लो तहमा बढुवा हुनकालागी उल्लेखित अवधीको पेशागत तालिम, योग्यता, कार्य

सम्पादन र जेष्ठतालाई आधार बनाइने भन्ने कुरा उल्लेख भएको छ । यस नीति अनुसार कार्यक्रम स्थायी शिक्षकहरूलाई मात्र लाभदायी हुने भएकोले अस्थायी, राहत, निजि स्रोत PCFशिक्षकहरूलाई समेत समेट्ने गरी नीतिमा उल्लेख नभएको पाइएको छ । यसवाट यस्तो प्रकारका शिक्षकहरूमा त्यति उत्साह नभएको पाइयो ।

**छ. व्यावहारिक प्रयोगमा कठिनाइ :**

शिक्षकको पेशागत किास मोड्युलमा सिकेका सबै सैद्वान्तिक ज्ञान, सीप र अनुभवहरूलाई कक्षाकोठामा लागु गर्नकालागी विभिन्न प्रकारका कठिनाईहरू भएको छ । भौतिक सुविधाको कमी, विद्यालयको वातावरण, विद्यार्थी संख्या इत्यादी कारणले गर्दा कक्षाकोठा व्यवस्थामा समस्या देखिएको छ । यसवाट सहभागीहरूले सिकेका कुराहरूलाई कक्षाकोठामा प्रयोग गर्न कठिनाई भएको छ ।

**ज. अनुगमनको समस्या :**

शिक्षकको पेशागत विकास मोड्युल सञ्चालन पछि प्रशिक्षकहरू द्वारा २ दिन सम्म सहभागी शिक्षकहरू कार्यरत विद्यालयमा भ्रमण गरी उनिहरूको कक्षा अवलोकन गर्ने, आवश्यक पृष्ठपोषण  प्रदान गर्ने, प्रोजेक्ट कार्यको मूल्याङ्कन तथा एजेन्डामा आधारित बैठक सञ्चालन गर्नुपर्दछ । तर प्राप्त जनकारीहरू अनुसार प्रशिक्षकहरूले आफ्नो विषयगत पाठ्यभार पुरा गर्न समय अभाव हुने, र कक्षा सञ्चालन हुने समयहरू एउटै हुने भएकोले २ दिन सम्म सहभागी शिक्षकहरूले विद्यालय अनुगमन गर्न कठिनाई भएको कुरा जानकारी प्राप्त भएको छ । जसवाट जति मात्रामा विद्यालय अनुगमन हुनु पर्दथ्यो त्यति हुन सकेको छैन ।

**झ. पठनपाठन प्रभावित**

शिक्षकको पेसागत विकास मोड्युल सञ्चालन भएको समयमा विद्यलयको दैनिक पठन पाठन प्रक्रिया सुचारू रूपले सञ्चालन गर्न समस्या देखिएको छ । विद्यालय प्रधानाध्यापकहरूवाट प्राप्त प्रतिक्रियाहरू अनुसार रोष्टर प्रशिक्षकहरू साथै कतिपय अवस्थामा ३/४ जना शिक्षकहरू नै मोड्युलमा भाग लिन जानु पर्ने भएकोले यस्तो समस्या आईपरेको छ ।

**ञ. भौतिक साधन एंव शैक्षिक सामग्रीको अभाव**

शिक्षकको पेसागत विकास माड्युल सञ्चालन गर्नको लागी आवश्यक पर्ने भौतिक साधन एवम् शैक्षिक सामाग्रीहरूको अभाव देखीएको छ । अनुसन्धानवाट प्राप्त सुचनाहरू अनुसार ETC चितवन साथै पिठुवा स्रोत केन्द्रमा समेत भौतिक साधन र शैक्षिक सामाग्रीहरूको अभाव रहेको छ । त्यस्तै गरी तालिममा सिकेका सीपहरू लाई कक्षा कोठामा प्रयोग गर्न समेत आवश्यक भौतिक साधनहरू र शैक्षिक सामाग्रीहरूको कमी भएको छ। जसवाट अपेक्षित रूपमा कार्यक्रम सफल हुन सकेको छैन।

**समस्या समाधानका उपायहरू :**

शिक्षकको पेसागत विकास मोड्युल सञ्चालन प्रक्रियामा देखिएका समस्याहरू समाधानका उपायहरू सम्बन्धमा अध्ययन गर्दा, अध्ययनमा संलग्न व्यक्तिहरूवाट प्राप्त सुझावहरूलाई निम्न अनुसार बुदागत रूपमा प्रष्ट पारिएको छ।

**क.नीतिमा सुधार :**

शिक्षाकको पेसागत विकास कार्यक्तमको नीति साराशंमा शिक्षकको वृति विकासका लागी प्रत्येक तहमा Beginner, Eperienced, master and expert गरी जम्मा चारवटा श्रेणी रहने भनि उल्लेख गरिएको छ। तर कस्ता कस्ता शिक्षकहरू यी श्रेणी अर्न्तगत पर्ने भन्ने प्रष्ट व्यवस्था छैन र हाल सम्म यो कार्यान्वयन पनि भएको छैन । स्थायी शिक्षकहरूलाई बढुवा प्रयोजनको निमित्त यो मोड्युल सम्पन्न प्रमाणपत्र लाभदायिक हुने तर अन्य प्रकारका शिक्षकहरूलाई यो तालिमको औचित्य के हो ? यस सम्बन्धमा सर्वप्रथम नीतिमा नै प्रष्ठ व्यवस्था हुनु पर्दछ भन्ने धारणा प्राप्त भएको छ।

**ख. रोष्टर प्रशिक्षकहरूको विशेष व्यवस्था :**

विषयगत रोष्टर प्रशिक्षकहरू प्राय गरि कार्यरत शिक्षकहरू नै हुने भएकोले मोड्युल सञ्चालनको समयमा विद्यालयको पठन पाठनमा नै प्रभाव परेको देखिएको छ । त्यसैले जिल्ला शिक्षा कार्यालयले निवृत शिक्षक वा विषयगत योग्यता प्राप्त व्यक्तिहरूलाई प्रतिस्पर्धाको आधारमा छनोट गरि सम्बन्धीत स्रोतकेन्द्र वा शैक्षिक तालिम केन्द्रको लागि विशेष व्यस्था मिलाउनु पर्ने, उनिहरूलाई लागु भई रहेको पाठ्यक्रम, पाठ्यपुस्तकका सम्बन्धनमा सघन प्रशिक्षक प्रशिक्षण तालिम दिनुपर्ने भन्ने सुझाव प्राप्त भएको छ ।

**ग.मोड्युल सञ्चालनको समयमा पुर्नविचार :**

एउटा मोड्युल सञ्चालन र अर्को मोड्युल सञ्चालनको समयको अन्तर अत्यन्त फराकिलो भएकोले यो समय अवधीलाई केही छोट्याएर मोड्युल सञ्चालनलाई नियमित गराउन पर्ने सुझाव प्राप्त भएको छ ।

**घ.भौतिक साधन र शैक्षिक सामग्रीहरूको व्यवस्था :**

शैक्षिक तालिम केन्द्र भरतपुर, पिठुवा स्रोत पिठुवाको तालिम हवहरूको अध्ययन गर्दा यिनिहरूमा आवश्यक भौतिक साधनहरू नपुग भएको देखिएको छ । तसर्थ कार्यक्रम सञ्चालनको लागी आवश्यक तालिम कक्ष कुर्चि, टेवल, मल्टी मिडीया, कम्प्युटर ओभरहेड प्रोजेक्टर, विज्ञान प्रयोगशाला, इत्यादीको व्यवस्था हुनु पर्ने तव मात्र कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गर्न सकिनेकुरा जानकारी प्राप्त भएको छ ।

**ङ.विदाको समयमा तालिम सञ्चालन गर्नु पर्ने**

विषयगत रोष्टर प्रशिक्षकहरू पनि कार्यरत शिक्षकहरू नै हुने र अन्य शिक्षकहरू पनि तालिम कार्यक्रममा सहभागी हुन जाने भएकाले विद्यालयको दैनिक पठन पाठनमा वाधा पर्न गएको छ । यसैले हिउदे वा वर्षे विदामा मोड्युल सञ्चालन भएमा यस्तो समस्या नआउने कुरा अध्ययनवाट सुझाव प्राप्त भएको छ ।

### च.अनुगमन, निरीक्षण र परामर्श सेवा प्रदान गर्नुपर्ने

कुनै पनि कार्यक्रमको सञ्चालन पछि उक्त कार्यक्रमको प्रभावकारीता अध्ययन गर्न सम्बन्धित निकायवाट निरन्तर अनुगमन, निरिक्षण र आवश्यक परामर्श सेवा उपलब्ध गराउनु पर्दछ । यस्तै गरी शिक्षकको पेसागत विकास कार्यक्रम अर्न्तगत पेसागत विकास मोड्युलमा सहभागी शिक्षकहरूले तालिममा सिकेका ज्ञान सीप र अनुभवहरूलाई कक्षा कोठामा प्रयोग गरे, नगरेको प्रयोग गर्दा पनि कस्ता कस्ता समस्याहरू रहेको थाहा पाउन निरन्तर रूपमा निरिक्षण एंव अनुगमन गर्न आवश्यक हुन्छ तर विविध समस्याका कारणले कार्यक्रमले अपेक्षा गरे अनुसार यसो हुन सकेको छैन । तसर्थ तालिम सञ्चालन पछि पनि नियमित रूपमा वि.नि., स्रोत व्यक्ति, प्रशिक्षक साथै प्र.अ. वाट विद्यालय निरिक्षण, अनुगमन साथै परामर्श सेवा उपलब्ध गराउन सकेमा कार्यक्रमको महत्व अझ बढ्ने प्रतिक्रिया पाइएको छ ।

### ४.३.२ प्राप्तिको सारांश

नेपाल सरकारले शिक्षा क्षेत्रमा अग्रगामी सुधार गर्ने उद्देश्यका साथ आ.व. २०६६/०६७ सालवाट कार्यान्वयनमा ल्याएको विद्यालय क्षेत्र सुधार योजना (SSRP)को एउटा शिर्षक शिक्षकको पेसागत विकास कार्यक्रम हो । यस कार्यक्रम भित्रको एउटा मुख्य कम्पोनेन्ट शिक्षकको पेसागत विकास तालिम कार्यक्रमलाई प्रसिद्ब मुल्याङ्कनविद् मोड्येलमा आधारित भएर मूल्याङ्कन कार्य प्रारम्भ गरिएको थियो । CIPP मोड्येलअनुसार उक्त तालिम कार्यक्रमको सञ्चालनको परिवेश लगानीहरू, कार्यान्वयन प्रक्रिया र कार्यक्रमवाट प्राप्त उत्पादनको समेत अध्ययन गर्दा कार्यक्रम विगतमा सञ्चालन भएका शिक्षक विकास तालिमहरू भन्दा यो मोड्युल संरचनामा नयाँपन देखिएको छ । शिक्षकहरूले शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्दा आईपरेका विभिन्न समस्याहरू आफैले पहिचान गरी उक्त समस्या समाधान गर्नको लागी सम्बन्धित स्रोतकेन्द्र वा शैक्षिक तालिम केन्द्रमा आवश्यक पेसागत सहयोग समेत माग गरी पठाए पछि सोही आवश्यकता प्रस्तावमा आधारित भएर प्रशिक्षकहरूद्वारा १० कार्यदिन बराबरको विषयगत मोड्युल सामग्री विकास गरी ५ दिनसम्म फेस टु फेस तालिम कार्यशाला त्यस पछि ३ कार्यदिन बराबरको स्वअध्ययन अभ्यास कार्य र २ दिन सम्म प्रशिक्षकहरू द्वारा विद्यालय

निरिक्षण, अनुगमन, स्वअध्ययन अभ्यास अन्तरगत तयार पारिएका सामाग्रीहरूको निरिक्षण गरि वि.व्य.स., शिक्षक, स्टाफ सहितको सयुक्त बैठक बसी आवश्यक शैक्षणिक परामर्श समेत प्रदान गर्ने गरिएको पाइयो । स्वअध्ययन अभ्यासवाट शिक्षकहरूको बौद्धिक सीपको विकास भएको, शिक्षण सुधार योजना निर्माण गरी सके सम्म लागु गरिएको, विद्यालय प्रशासन, वि.नि. स्रोत व्यक्ति साथै रोष्टर प्रशिक्षकहरूवाट समेत विद्यालय निरिक्षण गर्ने र आवश्यक पृष्ठपोाषण प्रदान गर्ने गरिएको पाइयो । जसले गर्दा सम्बन्धित सबैको पेशागत जवाफदेहितामा बृद्धि भएको पाइयो । चितवन जिल्लाको हकमा आधाभूत तह (पिठुवा स्रोत) मा शिक्षकहरूको ३ वटै मोड्युलहरू सकिएको र शै.ता.के. भरतपुरमा समेत शिक्षकहरूले ३ वटै मोड्युल सम्पन्न गरिएको जानकारी प्राप्त भएको छ । साथै प्राप्त जानकारी अनुसार शै.ता.केन्द्र ३ वटै पुरा गर्न सहभागीहरूलाई मोड्युल सम्पन्न प्रमाणपत्र समेत प्रदान गरिसकिएको छ ।

अध्ययनको उद्देश्य अनुसार कार्यक्रमको परिवेश मूल्याकंन गर्दा कार्यक्रमको परिवेश राष्ट्रिय तथा अन्तराष्ट्रिय अध्ययन अनुसन्धन वाट प्राप्त सुझावहरूलाई अवलम्बन गरी लागु गरिएको पाइयो । आधारभूत तहको मोड्युल संचालन सम्बन्धित स्रोतकेन्द्रमा र माध्यमिकतहको भने शै.ता.के.मा सञ्चालन गरिएको पाइयो । त्यस्तै गरि यस कार्यक्रम कुशलतायुक्त लगानी व्यवस्थामा सञ्चालनको समेत पाइयो । प्रक्रियागत रूपमा सञ्चालन भएको पाइयो । मागमा आधारित पेसागत विकास कार्यक्रम भएकोले शिक्षकका समस्याहरू सके सम्म समाधान गर्ने तर्फ प्रशिक्षकहरूको ध्यानाकर्षण भइको पाइयो । कार्यक्रमको उत्पादनलाई मूल्याकंन गर्दा पेसागत कार्यक्रमको उद्देश्य नै शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराई विद्यार्थीहरूको शैक्षिक उपलब्धी स्तर माथी उकास्ने भएकोले विगतमा सञ्चालनमा आएका पेसागत विकास कार्यक्रम भन्दा फरक रहेको पाइयो । कार्यक्रमले शिक्षकहरूको पेसागत जिम्मेवारीलाई अझ वृद्धि गरेको पाइयो र शिक्षकहरू समेत यस तर्फ बढी सजक रहेको, शिक्षण सुधार योजना बनाई सकेसम्म लागु गरिएको पाईयो ।

कुनै पनि कार्यक्रम सञ्चालन गर्दा विभिन्न प्रकारका समस्याहरू आइ परेका हुन्छन् । यस कार्यक्रमको सफल कार्यान्वयनमा पनि विभिन्न प्रकारका समस्याहरू देखिएका छन् । कार्यक्रमको बारेमा नितिगत समस्या, अनुगमन र शैक्षिक परामर्श प्रदानमा देखिएको समस्या,

प्रशिक्षकहरूको समस्या, मोड्युल सञ्चालन गर्ने समयावधीको समस्या, शिक्षकमा कार्यक्रम प्रतिको सकारात्मक सोचको समस्या, तालिममा सिकेका कुराहरू कक्षाकोठामा प्रयोग नहुने समस्या जस्ता समस्याहरू रहेको पाइयो ।

अध्ययनको क्रममा यस शिक्षकको पेशागत विकास कार्यक्रमलाई अझ प्रभावकारी रूपले सञ्चालन गर्न र भाविष्यमा कार्यक्रमको विश्वासनियतामा अभिवृद्धि गर्नको लागी माथी उल्लेखित समस्याहरूलाई समाधान गर्न सम्बन्धित सबैले आ-आफ्नो स्थानवाट सक्दो सहयोग र जिम्मेबारी वहन गरे समस्या समाधान हुने र कार्यक्रम पनि सफलतापुर्वक सम्पन्न गरि कार्यक्रमले राखेका उद्देश्यहरू समेत पुरा हुने सुझावहरू प्राप्त भएको छन् ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरू

कुनै पनि अध्ययन अनुसन्धानको समाप्ति पछि अनुसन्धानका क्रममा प्राप्त भएका सुचनाहरूलाई अध्ययनको उद्देश्य अनुसार व्याख्या एंव विश्लेषण गरी निचोडमा पुगिन्छ । अनुसन्धानका उद्देश्यहरू कतिहद सम्म पुरा भयो ? अध्ययनको निष्कर्ष के भयो ? र अगामी दिनहरूमा कस्ता कस्ता कुराहरूमा थप अध्ययन गर्न सकिन्छ ? भनेर सुझावहरू समेत प्रदान गरिन्छ । प्रस्तुत अध्ययन शिक्षकको पेसागत विकास तालिम कार्यक्रमको मुल्याङ्कन पछि प्राप्त भएका जानकारीहरूको आधारमा यस परिच्छेदमा अध्ययनको निष्कर्ष साथै सुझावहरूलाई बुदागत रूपमा प्रस्तुत गरिएको छ ।

## ५.१निष्कर्ष

अनुसन्धानका क्रममा प्राप्त भएका जानकारीहरूका आधारमा शिक्षकको पेसागत कार्यक्रम लाईCIPP मोड्येल मूल्यांकन गरि सके पछि अध्ययनको निष्कर्ष यस प्रकार निकालिएको छ । TPD कार्यक्रम संरचनागत रूपमा नयाँ कार्यक्रम हो । कार्यक्रमको परिवेश, लगानीहरू, कार्यक्रम कार्यन्वयन प्रक्रियाको विचमा राम्रो तालमेल मिलेको पाइयो । उत्पादनलाई मूल्याङ्कन गर्दा शिक्षकलाई कार्यक्रमले बढी जिम्मेवार बनाएको सबै किसिमका शिक्षकहरूले यस मोड्युलमा भाग लिन पाउने अवसर पाउने हुनाले अधिकांश शिक्षकहरूको कार्यक्रम प्रति सकारात्मक सोच भएको पाइयो । स्वअध्ययन अभ्यास अन्तरगत गरिने कार्यमूलक अनुसन्धान, घटना, अध्ययन, नतिजा विश्लेषण, पाठ्यपुस्तक तथा पाठ्यक्रम मूल्याकंन, शैक्षिक सामग्री निर्माण आदी कार्यले शिक्षकहरूलाई अध्ययनशील बनाएको छ । यस्तै गरि हरेक शिक्षकले विषयगत रूपमा मौजुदा शैक्षिक स्थिति र अपेक्षित शैक्षिक स्थिति समेत उल्लेख गरि आफ्नो छुट्टै शिक्षण सुधार योजना TIP अनिवार्य रूपले निर्माण गरि भित्तामा टाँस गरेको समेत पाइयो । यसमा शैक्षिक उपलब्धी वृद्धि गर्न आफुले गर्ने क्रियाकलापहरू जस्तै अतिरिक्त कक्षा सञ्चालन, कक्षा व्यवस्थापन, समुह तथा जोडी विभाजन गरी अध्यापन, शैक्षिक सामग्री निर्माण तथा प्रयोग, निरन्तर विद्यार्थी

मुल्याकंन, मासिक परीक्षा, इकाई परीक्षा, अभिभावक सँग भेटघाट तथा आवश्यक परामर्श आदान प्रदान इत्यादी क्रियाकलापहरू उल्लेख गरेको जसले गर्दा शिक्षकहरूमा आफ्नो पेसागत जवाफदेहीतामा वृद्वी भएको पाइयो । यो कार्यक्रमको एउटा अत्यन्तै सकरात्मक पक्ष रहेको छ । यति हुँदा हुँदै पनि कार्यक्रम समस्यामुक्त भने छैन । यस कार्यक्रम प्रति अझै पनि कतिपय शिक्षकहरूमा सकारात्मक सोचको अभाव छ । तालिममा सिकेका कुराहरूलाई कक्षाकोठामा प्रयोग गर्न सम्भव हुने कुराहरू समेत प्रयोग गरिएको छैन । आवश्यक निरिक्षण, अनुगमन र परामर्श प्रदान गर्न सकिएको छैन । राज्यवाट कार्यक्रम प्राप्ती ठोस नीति निर्माण गरी कार्यान्वयन गर्नुमा कमजोरी भएको छ । अन्तमा समस्याहरू पहिचान गरी सुधारका उपायहरू अवलम्बन गरिएमा कार्यक्रमको प्रभावकारीतामा वृद्वी हुनेछ ।

## ५.२ सुझावहरू

प्रस्तुत अध्ययन शिक्षकको पेसागत विकास कार्यक्रम लाई CIPP मूल्याङ्कन ढाँचामा अध्ययन गरि सके पछि अध्ययनका क्रममा प्राप्त भएका सुचना एंव जानकारीहरूका आधारमा कार्यक्रमको सफल कार्यान्वयनको लागी सम्बन्धीत पक्षहरूलाई निम्न अनुसारको सुझावहरू प्रदान गरिएको छ ।

### ५.२.१ नितिगत तह :

शिक्षकको पेशागत विकास मोड्युल विगत ४ वर्ष देखी सञ्चालनमा रहेको तर अझै पनि कतिपय नीतिगत अष्पस्ठताको कारणले कार्यक्रमको प्रभावकारीतामा कमी देखीएको छ । जस्तै : टि.पि.डी. कार्यान्वयन पुस्तिका २०६६ नीति साराशंमा शिक्षकहरूको वृति विकासका लागी प्रत्येक तहमा Beginner, Experienced, Master and Expertगरी जम्मा चार ओटा श्रेणी रहने र प्रत्येक माथिलो तहमा बढुवा हुनको लागी उल्लेखित अवधीको पेसागत तालिम (टि.पी.डी मोड्युल) योग्यता, कार्य सम्पादन र जेष्ठतालाई आधार बनाइने भन्ने कुरा उल्लेख गरिएको छ । तर कार्यक्रम सुरू भएको ४ वर्ष विती सक्दा पनि तोकिए अनुसारको श्रेणी विभाजन भएको छैन जसवाट शिक्षकहरूमा अन्योल उत्पन्न भएको छ । तालिम सञ्चालनका लागी आवश्यक

बजेट समयमा नै निकासा गर्ने र खर्च गर्ने गराउने निकायका बारेमा स्पष्ट नीतिको व्यवस्था हुनुपर्दछ ।

यस कार्यक्रम प्रति सरोकारवालाहरू विच नै अन्योल उत्पन्न भएको छ। त्यसै गरी १-८ लाई आधारभूत तह भनि परिभाषा गरिएको छ । तर १-८ कक्षा अध्यापन गराउने शिक्षकहरूलाई एकै ठाउँमा राखेर मोड्युल सञ्चालन गर्दा समस्या उत्पन्न भएको छ । तालिम सञ्चालन गर्ने समय पनि नितिगत रूपमा नै प्रष्ट उल्लेख गरिनु पर्दछ । स्व अध्ययन अभ्यास अन्तर्गत तयार गरिने सामग्रीहरूको मूल्याकंन त भएको छ तर नीतिगत रूपमा नै मापनको व्यवस्था नभएकोले यसको मौतिकलता विश्वसनिता र स्तरियतामा समेत कमि भएको छ । यसैले सामग्रीको अध्ययन गरी मापन कार्य गर्न नीतिगत रूपमै ठोस व्यवस्था गर्नु पर्ने देखिन्छ । कार्यक्रमको मुख्य उद्देश्य नै विद्यार्थीहरूको शैक्षिक उपलब्धी स्तर वृद्धि गर्नु रहेको छ । तर यसको लागी शिक्षक एक्लैको प्रयास मात्र सम्भव देखिदैन । राज्य वाटै समय समयमा वि.नि. स्रोत व्यक्तिहरूद्वारा अभिावक शिक्षा, विद्यार्थी, शिक्षा जस्ता कार्यक्रमहरू सञ्चालन गर्न ठोस नीति निर्माण गर्नु पर्ने सुझाव दिइएको छ । साथै विद्यालय निरिक्षण, अनुगमन र परामर्श प्रदान गर्ने कार्यलाई तिव्रता प्रदान गर्नु पर्ने देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह :

कुनै पनि कार्यक्रमको सफलता वा असफलता भन्ने कुरा मुलत: यसको कार्यान्वयन पक्ष सँग सम्बन्धित हुन्छ । यदि कार्यक्रम कार्यान्वयनको अवस्था राम्रो छ भने पक्कै पनि कार्यक्रम सफल हुन्छ तर कार्यान्वयन पक्ष फितलो भएमा कार्यक्रमले लक्ष्य हाँसिल गर्न सक्दैन ।

शिक्षकको पेसागत विकास तालिम कार्यक्रमको मूल्याकंन गरिसकेपछि प्राप्त भएका जानकारीको आधारमा कार्यान्वयनतहको लागी निम्न सुझावहरू दिन सकिन्छ ।

सर्वप्रथम TPD मोड्युल शैक्षिकशत्रको विचमा नभई शुरूवातमा नै सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्दछ । प्रशिक्षकहरू द्वारा मोड्युल सामग्री विकास गर्दा सके सम्म धेरै भन्दा धेरै आवश्यकता प्रस्तावमा माग भएका विषयहरू समावेश गरि सामग्री विकास गर्नुपर्दछ । त्यस्तै गरि तालिममा सिकेका ज्ञान, सीप र अनुभवहरूलाई कक्षाकोठामा प्रयोग गरे नगरेको कुरा

विद्यालय प्रशासन, स्रोत व्यक्ति, वि.नी. र प्रशिक्षकहरूले निरन्तर अनुगमन, निरिक्षण गरी आवश्यक परामर्श प्रदान गर्नु पर्दछ । साथै शिक्षकहरू पनि आफ्नो पेसागत उत्तरदायित्व प्रती सधै सजक रहन सुझाव प्रदान गरिन्छ ।

**५.२.३ अनुसन्धान तह :**

आगामी दिनहरूमा अनुसन्धान कर्ताहरूको लागी निम्न सुझावहरू प्रदान गरिएको छ

१. प्रस्तुत अध्ययन ETC चितवनवाट माध्यमिकतहको टिपिडी मोड्युलमा भाग लिएका र पिठुवा स्रोत केन्द्र वाट मोड्युलमा भाग लिएका केही शिक्षकहरूमा मात्र सिमीत गरि गरिएको अध्ययन हो । तसर्थ आगामी दिनहरूमा यस्ता अध्ययनहरूलाई अझ विस्तृत रूपमा सञ्चालन गर्न सके कार्यक्रमको बारेमा बृहत जानकारी हाँसिल गर्न सकिने छ ।

२. एउटा TPD मोड्युल सञ्चालन गर्न लाग्ने लगानी (बजेटको) बारेमा उद्देश्य अनुसार अध्ययन गर्न सकिएको छैन तसर्थ वजेट शिर्षकहरू पहिचान गरी यि शिर्षकहरूमा लाग्ने खर्चको विषयमा अध्ययन गर्ने सुझाव प्रदान गरिन्छ ।

३. कार्यक्रमको मुल उद्देश्य नै शिक्षकहरूको निरन्तर पेसागत विकास र शैक्षिक उपलब्धी स्तरमा वृद्धि गर्नु हो । अध्ययन गर्दा उत्पादन पक्ष राम्रो रहेको भन्ने सुचना पाइएको छ तर कार्यक्रमको प्रभावकारीता अध्ययनको लागी मोड्युल सञ्चालन पुर्व र सञ्चालन पछिको शै.उपलब्धी स्तरमा तुलनात्मक अध्ययन गर्न सकिएको छैन । यसैले अगामी सोधकर्ताहरूलाई यस बारेमा अध्ययन गर्न सुझाव प्रदान गरिन्छ ।

४. कतिपय शिक्षकले आफुले सिकका ज्ञान, सीप र अनुभवहरूलाई कक्षा कोठामा सके सम्म प्रयोग गरे पनि अपेक्षित रूपमा सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको शैक्षिक उपलब्धी स्तरमा बृद्धि गर्न सकिएको छैन । यसका वास्तविक कारकतत्वहरू पहिचान गर्न आवश्यक देखिएको छ । आगामी दिनहरूमा सोधकर्ताहरू द्वारा यस विषयमा अनुसन्धान गर्नको लागी सुझाव प्रदान गरिन्छ ।

## सन्दर्भ सामग्री


अधिकारी विष्णु प्रसाद (२०६९), *“निम्न माध्यमिक तथा माध्यमिक शिक्षक (बढुवा) दिग्दर्शन”*, काठमाण्डौं आशिष बुक्स हाउस प्रा.लि.।

*“उपसचिव/वि.नि./शाखा अधिकृत/स्रोतव्यक्ति/प्रशिक्षकहरूका लागि अनलाइन/अफलाइन पेसागत क्षमता विकास तालिम सञ्चालन पुस्तिका”* (२०६९), भक्तपुर, नेपाल सरकार शिक्षा मन्त्रालय शैक्षिक जनशक्ति विकास केन्द्र, (२०६९)

काफ्ले बासुदेब, श्रेष्ठ चन्द बहादुर र सिन्हा रामस्वरूप (२०५९) *“शैक्षिक प्रशासन र सुपरीवेक्षण”*, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

खनाल, श्री प्रसाद (२०६५), *“पाठ्यक्रम मूल्याङ्न”*, काठमाडौ, जुपिटर पश्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स ।

*“विद्यालय क्षेत्रसुधार योजना”* (२०६६), काठमाडौ,नेपाल सरकार शिक्षा मन्त्रालय ।

*“शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका”* (२०६६), भक्तपुर, नेपाल सरकार शिक्षा मन्त्रालय शैक्षिक जनशक्ति,

*“शिक्षकको पेसागत विकास (टिपिडी) मोड्युल सञ्चालन प्रयोजनार्थ प्रशिक्षक प्रशिक्षण निर्देशिका”*(२०६९), भक्तपुर, नेपाल सरकार शिक्षा मन्त्रलय शैक्षक जनशक्ति विकास केन्द्र ।

ETC News Letter (2066), Kavre

ETC News Letter (2070), Chitwan

## शिक्षकको पेशागतविकास (टिपिडी तालिम) कार्यक्रमको मूल्याङ्कन

## अनुसुची नं. १

## टिपिडीआवश्यकता प्रस्ताव ढाँचा

**विद्यालयको नाम :** **तह :**

| क्र.सं. | शिक्षकको नाम | अध्यापन गरेको विषय | अध्यापनगर्दा सामनागर्नु परेका समस्याहरू | अपेक्षित पेशागत सहयोग |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# शिक्षकको पेशागतविकास (टिपिडी तालिम) कार्यक्रमको मूल्याङ्कन

## अनुसुची नं. २

## टिपिडीआवश्यकताप्रोफइल ढाँचा

स्रोतकेन्द्रनाम

| क्र.सं. | विषय क्षेत्रतआवश्यकताविवरण | मागगर्ने शिक्षकको नाम | विद्यालयको नाम |
|---|---|---|---|
| आवश्यकता समूह(Need Cluster) १ | | | |
| १ | | | |
| २ | | | |
| आवश्यकता समूह(Need Cluster) २ | | | |
| १ | | | |
| २ | | | |
| आवश्यकता समूह(Need Cluster) ३ | | | |
| १ | | | |
| २ | | | |

## अनुसूची-३

## मोड्युल सम्पन्न प्रमाणपत्रको ढाँचा

शैक्षिकतालिम केन्द्र ......... / ......... अगुवा स्रोतकेन्द्र/........... स्रोतकेन्द्र

...................................................

### टिपिडीमोड्युल सम्पन्न प्रमाणपत्र

नाम : ..............................  पद : ..............................

विद्यालय : ..............................  अध्यापन गर्ने विषय (हरू)

नियुक्तिमिति : ..............................  जन्ममिति : ..............................

..........................................................................................................................

सम्पन्न गरेको टिपिडी मोड्युलविवरण

प्रथममोड्युलको शीर्षक : ..............................

सञ्चालनमिति : ..............................

.....................................  ..............

हबप्रमुखको दस्तखत / नाम  जारी मिति

..........................................................................................................................

दोस्रो मोड्युलको शीर्षक : ..............................

सञ्चालनमिति : ..............................

..........................................  ..............

हबप्रमुखको दस्तखत / नाम  जारी मिति

..........................................................................................................................

तेस्रो मोड्युलको शीर्षक : ..............................

सञ्चालनमिति : ..............................

..........................................  ..............

हबप्रमुखको दस्तखत / नाम जारी मिति

.....................................................................................................................

## शिक्षकको पेशागतविकास (टिपिडी तालिम) कार्यक्रमको मूल्याङ्कन

## अनुसुची ४

## शिक्षण सुधार योजना(TIP)को ढाँचा

शिक्षकको नाम : .................... विद्यालयको नामः .............. योजनाअवधि : ...........

| क.सं. | सूचक | मौजुदा स्थिति (Baseline) | अपेक्षितलक्ष्य | लक्ष्य पुरा गर्न सम्पादनगरिने मुख्यकार्यहरू |
|---|---|---|---|---|
| १) | विद्यार्थीको ओसत उपलब्धी / प्राप्ताङ्क<br>(अध्यापनगर्ने मुख्यतीनविषयहरू) | | | |
| क. | कक्षा ...../विषय .... | | | |
| ख. | कक्षा ...../विषय .... | | | |
| ग. | कक्षा ...../विषय .... | | | |
| २) | स्वमूल्याङ्कनकाआधारमा शिक्षणमा शैक्षणिक सामग्रीप्रयोगका स्थिति (न्यूनवाट उच्चतहको दरमा १,२,३ र ४ मामापनगर्ने) | | | |
| ३) | प्रतिदिनक्रियाकलापविवरण तयारी सहितको शिक्षण गरेको पाठ सङ्ख्या | | | |
| ४) | स्वमूल्याङ्कनकाआधारमाप्रभावकारी शिक्षणका निमित्तविद्यालय प्र.अ.वाट प्राप्त सहयोगको स्थिति (न्यूनवाट उच्चतहको दरमा १,२,३ र ४ मामापनगर्ने) | | | |
| ५) | स्रोतव्यक्ति/प्रशिक्षकवाट शिक्षक/विद्यालयलाई अनुगमन सहायताएवम् शैक्षणिक परामर्श सम्पन्नहुने पटक (अर्धवार्षिक रूपमा) | | | |

................. ................. ...................................

मिति शिक्षकको खस्तखत विद्यालयको छाप प्र.अ.को दस्तखत

**शिक्षकको पेशागतविकास (टिपिडी तालिम) कार्यक्रमको मूल्याङ्कन**

## अनुसुची नं. ५

## सहभागीशिक्षकहरूकालागीप्रश्नावली

शिक्षकको नाम :

कार्यरत विद्यालय :

तह :

१. TPDकार्यक्रमभनेको के हो ?
२. कतिवटा मोड्युलहरूमाभागलिनु भएको छ ?
३. कुनकुनविषयको मोड्युलमाभागलिनु भयो ?(आधारभुततहको लागीमात्रै)
४. तपाईले माग गरे अनुसार समस्या समाधानभयो किभएन?
५. तालिमकार्यक्रममा कतिवटा भागहरू छन् र ति के के हुन् ?
६. ५ दिने Face to FAceतालिमकार्यशालामा के के गरीन्छ ?
७. TIPभनेको के हो ?
८. स्वअध्ययनअभ्यास अन्तर्गगत के के गर्नु पर्दछ ?
९. शैक्षणिक परार्मश भनेको के हो ? र यसमाप्रशिक्षकहरूले के के विषयमा परामर्श प्रदानगर्नुहुन्छ ?
१०. TPDकार्यक्रममाभागलिए पछि के तपाईको पेशागत र विद्यार्थीहरूको उपलब्धी स्कोरमा वृद्विभएको छ ?
११. कार्यक्रमका सवलपक्षहरू के के हुन?
१२. कार्यक्रमकार्यान्वयनमा देखिएका समस्याहरू के के हुन् ?
१३. यस कार्यक्रमलाई अझप्रभावकारी बनाउन के के बनाउनु पर्ला ?

## शिक्षकको पेशागतविकास (टिपिडी तालिम) कार्यक्रमको मूल्याङ्कन

## अनुसुची नं. ६

**प्रधानाध्यापकहरूलाई सोधिएकाप्रश्नहरू**

प्र.अ.को नाम: विद्यालय:

१. TPDकार्यक्रमभनेको के हो ?
२. तपाईले यस कार्यक्रममाभागलिनु भएको छ ?
३. TPDकार्यक्तमकालागी प्र.अ. ले गर्नुपर्ने जिम्मेवारी के के हो ?
४. कार्यक्रमप्रतितपाईको शिक्षकको धारणा कस्तो छ ।
५. तपाईकाशिक्षकहरू कार्यक्रममा सहभागीभएर फर्किए पछि कस्तो परिवर्तन देख्नु भएको छ ?
६. तपाईले TPDअभिमुखिकरण कार्यक्रममाभागलिनु भएको छ ?
७. स्वअध्ययनअभ्यास अन्तर्गत तपाईकाशिक्षकहरूले के के तयार गर्नुभएको छ ?
८. एजेण्डा Bass Mettingभनेको के हो ? र यसमाको को व्यक्तिहरूसमावेस हुन्छन् ?
९. TIPमाउल्लेख भएअनुसार शैक्षिकउपलब्धी स्कोरमा वृद्विभएको छ, यदिभएको छैन भने नहुनुकाकारणहरू के के हुन?
१०. यस कार्यक्रमका सवलपक्षहरू के के हुन?
११. कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरू के के हुन?
१२. कार्यक्रमलाई अझप्रभावकारी रूपमा सञ्चालनगर्नको लागी के के सुधार गर्नुपर्छ ?

## शिक्षकको पेशागतविकास (टिपिडी तालिम) कार्यक्रमको मूल्याङ्कन

## अनुसुची नं.७

## बरिष्ठप्रशिक्षकलाई सोधिएकाप्रश्नहरू

नाम :

पद :

१. TPDकार्यक्रमभनेको के हो ?

२. यो कार्यक्रमकहिलेवाट सुरू भएको हो ?

३. यो कार्यक्रमको परिवेश कस्तो छ ?

४. यस कार्यक्रमकालगानीहरू के के हुन् ?

५. कार्यक्रमकार्यान्वयनकाप्रक्रिया के के हो ?

६. यस ETC वाट हाल सम्मकतिजनाले कार्यक्रममाभागलिएका छन् ?

७. यो कार्यक्रमको योजनाअवधिकतिहो ?

८. चितवनजिल्लामाकार्यक्रमकार्यान्वयनको अवस्था कस्तो छ ?

९. कार्यक्रम सञ्चालनको लागीकुनकुनशिर्षकमाखर्च हुन्छ ?

१०. कार्यक्रमको अनुमानितलागतकतिहो ?

११. कार्यक्रमका सबल पक्षहरू के के हुन?

१२. कार्यक्रमका समस्याहरू के के हुन?

१३. यस कार्यक्रमलाई प्रभावकारी बनाउन के के गर्नु पर्दछ ।

## शिक्षकको पेशागतविकास (टिपिडी तालिम) कार्यक्रमको मूल्याङ्कन

## अनुसुची नं. ८

## रोष्टर प्रशिक्षकहरूलाई सोधिएकाप्रश्नहरू

नाम :

पद :

१. TPDकार्यक्रमभनेको के हो ?

२. यो कार्यक्रमप्रति सहभागीशिक्षकहरूको रूचि कस्तो छ ?

३. सहभागीशिक्षकहरूले कस्ता कस्ता विषयवस्तुमाआवश्यकता प्रस्ताव भरेकाहुन्छन् ?

४. TPDकार्यक्रम कसरी सञ्चालनगर्नु हुन्छ ?

५. कार्यक्रमकार्यान्वयनकाप्रक्रिया के के हो ?

६. मोड्युल सामग्री कसरी विकास गर्नु हुन्छ ?

७. मोड्युल सामग्रीविकास गर्दा कस्ता कस्ता समस्याहरू आईपर्दछन् ?

८. एउटा १०दिने मोड्युलमाकति वटा भागहरू हुन्छन् र तिभागहरू के के हुन्?

९. सहभागीशिक्षकहरूले स्वअध्ययनअभ्यास अन्तर्गत के के तयार गर्नुपर्दछ ?

१०. शैक्षणिक परामर्श भनेको के हो र यो कसरी प्रदान गरीन्छ ?

११. कार्यक्रमका सबल पक्षहरू के के हुन?

१२. कार्यक्रमका समस्याहरू के के हुन?

१३. यसकार्यक्रमलाई प्रभावकारी बनाउन के के गर्नु पर्दछ ?